अब नयाँ खबरकागज वेवसाइडमा पनि : www.nepalikhabar.com

'हरेक मंगलबार निष्पक्ष समाचार'

# नयाँ खबरकागज
साप्ताहिक

NAYAKHABARKAGAJ WEEKLY

वर्ष : २७ अङ्क : ३९ २०६७ असार १ गते मंगलबार (Jun 15, 2010) मूल्य रू. ५/-

## अब ५४ घण्टा लोडसेडिङ

*खबरकागज संवाददाता*

काठमाडौं / हप्ताको ४२ घण्टा मात्र लोडसेडिङ गर्दै आएको नेपाल विद्युत प्राधिकरणले अब फेरि १२ घण्टा बढाएर ५४ घण्टा अध्यारो बनाउने भएको छ। जलस्रोतको अपार धनी देश भनेर तलब भत्ता सुविधा खानेहरूले हरेक पक्ष र महिनामा जे जति जे मन लाग्यो त्यही अनुसार लोडसेडिङ गर्ने मनोमानी चल्न चलाइ आएकाले जनता दिक्क छन्।

यही लोडसेडिङका कारण सन् २०१० को विश्वकप फुटबल जस्तो रोमाञ्चकारी फुटफल खेलका दृश्यहरू हेर्न नपाएकोमा फुबलखेल प्रेमीहरू प्राधिकरणको यो अव्यवहारी र मनोमानी ढङ्गको निर्णय प्रति आक्रोसित बनेका छन्।

## अन्नत: प्रभुहरूकै भूमिका
# प्रचण्ड, बाबुराम कि अरू

*खबरकागज संवाददाता*

**काठमाडौं / गएको जेठ १४ गते भएको तीन बूँदे त्रीदलीय नेताहरुको सम्झौता पछि अब माधवकुमार नेपाल नेतृत्वको नेपाल सरकार गम्भीर संकटमा रहेको छ। माकुने नतृत्वको यो सरकार अहिले तासको घरको रूपमा खडा भएको छ। यो कतिखेर कसरी ढल्ने हो कुनै ठेगान छैन। सरकारमा आसीन मन्त्रीहरु तथा गठबन्धित नेताहरु स्वयं आशंकित र दिग्भ्रमित रहेका छन्। उनीहरुमा कुनै विश्वास र आफ्नै आयु तथा पादावधि बारे कुनै ठेगान र भरोसा छैन।**

यतिखेर नयाँ प्रधानमन्त्री को हुने भन्ने बारेमा तीब्र मतभेद र विवाद रहेको छ। एनेकपा माओवादी दलले कामरेड प्रचण्डलाई नै प्रधानमन्त्री बनाउने भन्ने पार्टीगत अवधारणा ल्याए पनि त्यसमा कांग्रेस र एमालेको चरम विमति छ। एनेकपा माओवादीको एकल पार्टीपंक्तिले जे जस्तो निर्णय लिए पनि अन्तत: नेपाल सरकारको सरकार प्रमुख निर्माण



प्रयत्नमा प्रभुहरूकै हात रहने कुरा स्पष्ट देखिन्छन्।

भावी प्रधानमन्त्रीको धोती फेर्नेरुमा जोकोही र जे-जस्ता अनुहारहरू आए पनि अन्तत: ती सबै वैदेशिक प्रभुहरूकै शरणागतिमा जाने प्राय: सुनिश्चित देखिन्छ। स्रोतका



अनुसार अहिले प्रचण्ड बाबुराम, देउवा, रामचन्द्र, झलनाथ तथा केपी ओलीको नाम प्रधानमन्त्रीका रुपमा बढी चर्चिच छ। किनारामा केबी गुरुङ, विजय गच्छदारहरू पनि छन्। तर प्रचण्ड, बाबुराम अरुहरू मध्ये प्रभुहरूको भूमिका कतापट्टि रहने हो,



त्यही नै निश्कर्षको विषय रहने स्रोतको दावी छ।

यसैबीच एनेकपा माओवादीका केन्द्रीय नेता पोष्टबहादुर बोगटी र टोपबहादुर रायामाझीलगायतकाहरूले सहमतिको सरकार निर्माण हेतु आफ्नो पार्टीले प्रचण्डको विकल्पको रुपमा



डा.बाबुराम भट्टाराईलाई प्रस्तुत गर्ने धारणा अघि सारेका छन्। तर यतिबेला प्रचण्ड र बाबुराम दुवै प्रम पदका बारेमा मौन रहेका छन्।

## सरकार नै संकटमा
# नीति कार्यक्रम र बजेट अन्यौलमा

*खबरकागज संवाददाता*

काठमाडौं / माधवकुमार नेपाल नेतृत्वको सरकार अहिले संकटमा परेको छ। संकटमा परेको यो अवस्थामा नेपाल सरकारले ल्याउने भनिएको वार्षिक नीति तथा कार्यक्रम र आउँदो ०६७/०६८ को बजेट पनि प्रभावित बन्न पुगेको छ।

सरकारको पदावधि तथा समय सन्दर्भ नै अस्तित्वको संकटमा परे पछि नीति कार्यक्रम र बजेट प्रस्तुतिको स्थिति पनि आफैंओझेलमा पर्न गएको छ।

नीति कार्यक्रम तथा अन्यौलमा पर्दै गएको यो अवस्थामा सरकार स्वयं दिशाहीन बन्न पुगेको छ। सरकारमा आसीन विभिन्न गठबन्धित दलहरूका मन्त्रीहरू यतिखेर अबाक र मौन छन्। उनीहरूको कुनै स्थिति र अस्तित्व छैन। आफु रहेको सरकारको अस्तित्व तथा आस्था सबै आफैं भताभुङ्ग भएको



अवस्थामा आफ्नो अस्तित्व कै के अर्थ भन्नेमा मन्त्री मण्डलीय सदस्यहरूको धारणा रहेको छ।

सरकार स्वयं नै संकटमा परेको बेला

*(बाँकी सात पेजमा)*

## दिल्ली दौड तिब्र

काठमाडौं /दक्षिण मित्र देश भारतको दिल्लीबाट नेपाल आउने र नेपाली राजनीतिमा चासो राख्ने काम अझै तीव्र छ। यसै बीच नेपालबाट दिल्ली दौड गर्ने नेपाली राजनीतिका पात्रहरूको क्रम पनि बढेको छ।

सूर्यबहादुर थापा, के.पी. ओली, विजय गच्छदारपछि विद्या भण्डारी र सुजाता कोइराला पनि दिल्ली गएका छन्। विभिन्न बहाना, स्वास्थ्य परिक्षण र व्यक्तिगत अनौपचारिक भ्रमण भन्दै भएको यस्तो दिल्ली दौडालाई विशेष राजनीतिक अर्थमा हेरिएछ।

## ४४ औं साधारणसभा सम्पन्न
# कृषिमा आधुनिकीकरणको जोड

काठमाडौं / नेपाल उद्योग वाणिज्य महासंघको ४४ औं साधारणसभा हालै सम्पन्न भएको छ। साधारणसभाले कृषिमा आधुनिकीकरण गर्नु पर्ने कुरामा जोड दिएको छ। नेपालको गरिबी निवारण तब मात्रै सम्भव छ, जब कृषिमा आधुनिकीकरण गरिन्छ भन्ने नेउवा महासंघको जोड रहेको छ। कृषिलाई उद्योगी व्यवसायीहरूले उतिविधि महत्व नदिएको सन्दर्भमा अहिले उठाएको प्रश्न र सन्दर्भ निकै उत्साहजनक रहेको ठहरिन्छ। नेपालको गरिबी निवारण हेतु विभिन्न काल क्रममा विविध कार्यविधी अघि सारे पनि नेपालमा निरपेक्ष गरिबीको रेखामुनीको संख्याघट्न नसकेकोक परिदृश्य खडा रहेको छ। *(बाँकी सात पेजमा)*



# नेमकिपाबाट समर्थन फिर्ता

*खबरकागज संवाददाता*

काठमाडौं / नारायणमान विजुक्छे रोहितको नेतृत्वमा रहेको नेपाल मजदूर किशान पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएकोछ। नेपाली राजनीतिमा स्थानीयता तथा पदलिप्साबाट मुक्त रहेको नेमकिपा यद्यपि सानो दल हो। तर पनि नेपाली, किसान, मजदुर र विभिन्न जनसाधारणको हितमा उनको सिद्धान्त र अडान गहन रहेको छ।

यो क्रममा नेमकिपाको समर्थन फर्ताको यो प्रक्रियालाई राजनीतिक वृत्तमा अर्थपूर्ण ढङ्गले हेरिएको छ। ठूला दलबीचको नेतृत्व होड र अन्तर्द्वन्दका बीच कतै रोहितलाई सरकारको नेतृत्ववरण गरिने त होइन भन्ने पनि झिनो तर्क रहेको छ। अनुभवी जेष्ठ र विशुद्ध छवि कायम राख्ने नारायणमान विजुक्छे 'आम सहमति' भित्र निर्विवाद भित्रिन सक्ने पात्र मान्छिन्।



# दुई बहादुरलाई के कारबाही ?

*खबरकागज संवाददाता*

काठमाडौं / वाईसीयल युथ फोर्स र अन्य मधेसी दलहरूको सशस्त्र अर्ध सैनिक फोर्स पछि नेपाली कांग्रेसको तरुण अर्थात युवा दस्ताको निर्माण गरेको छ। कांग्रेसका दुई बहादुर शेरबहादुर र खुमबहादुरको पहलमा गत शनिबार मोहन बस्नेतको अध्यक्षतामा युवा दस्ताको निर्माण सम्बन्धी घोषणा गरिएको छ।

यद्यपी पार्टीको संस्थापन पक्ष र नेतृत्व पक्ति दस्ता निर्माणको प्रक्रियामा असहमत छ। यहाँसम्म कि शेरबहादुर र खुमबहादुरलाई कारबाही गर्ने कुरा पनि आएको छ र सिन्धुपाल्चोकका मोहन बहादुर पनि अर्को तेस्रोबहादुर बन्न पुगेका छन्। तर, कारबाही के कसरी किन र कसले गर्ने भन्ने प्रश्न पार्टी





भित्र विवादित रहेको छ। सिन्धुपाल्चोकको बाह्रबीसेमा आयोजित सभामा कांग्रेस नेता देउवा र खड्काले नेपाली कांग्रेसले निष्ठाको राजनीति गर्नु पर्ने कुरा बताएका छन्। सभापछि युवा दस्ताको मार्च पास पनि भएको थियो। तर, युवा दस्ता विधिवत घोषणा गर्ने कुरा अन्त्यमा भङ्ग भएको छ। हिंसाको राजनीतिकको श्रृंखलामा त्यस्तो दस्तालाई आवश्यक भने ठानिएको छ।

## नेताहरू विश्वकपको रिल्याक्स

काठमाडौं/दक्षिण अफ्रिकाको जोहन्सवर्गमा विश्व कप फूटबल प्रतियोगिताको महाकुम्भ चलिरहेको छ। अहिलेसम्मको खेलमा अर्जेण्टिना दक्षिण कोरिया, घाना अगाडि छन् भने, ब्राजिल, जर्मनी, अष्ट्रेलिया, इटाली वर्चश्व पनि देख्न बाँकी छ। दक्षिण अफ्रिका महादेशको एउटा सहरमा फुटबल खेल चलिरहँदा यता नेपालमा भने राजनीतिक खेलको गति गतिहीनस्थितिमा रहेको छ। अनेक वर्ता बैठक, सम्वाद, सहमतिको प्रशस्त नाटक *(बाँकी सात पेजमा)*

# रणभुल्लमा तमलोपा

सुरेशकुमार झा

तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) लाई मधेश तथा मधेशी जनताले एउटा सशक्त तथा निर्णायक राजनीतिक शक्तिको रुपमा स्थापित भएको देख्न चाहन्छ। तत्कालिन प्रधानमन्त्री क.प्रचण्डको सरकार आफनै कारणले ढल्यो शायद क.प्रचण्ड मल्टि डेमोक्रेसीको राजनीतिक दाउँपेच तथा कुटनितिक खेलको एउटा अनुभव हीन नेता हुनु नै यसको प्रमुख कारण होला। देश सरकार बीहीन अवस्थामा धेरै दिन रहन सक्दैन भन्ने सामान्य बुझाई एवं तत्कालीन परिस्थितिलाई नजिकबाट नियाल्दै आउनु भएका तमलोपाका अध्यक्ष तथा मधेशका सर्वमान्य नेता महन्थ ठाकुरले देशमा अतिवादिको खतरा बढ्दै गएको र बृहत कम्युनिष्ट एकताको खत्तरा बढदै गएको कुरालाई बुझेर एकाएक राजनीतिक रुपमा सक्रिय हुनु भई राष्ट्रलाई सरकार विहिन तथा अनिर्णयको बन्दि हुन बाट जोगाउँदै लोकतान्त्रिक शक्तिहरूलाई एक ठाउँमा ल्याउने कार्यमा सफल हुनु तथा वर्तमान गठबन्धनको सरकार क.माधव नेपालको नेतृत्वमा निर्माण गर्ने प्रक्रियामा सक्रिय तथा प्रभावकारी भूमिका निर्वाह गर्दै तिन ठूला मन्त्रालय र ६ जना मन्त्रीहरू बनाउन सफल हुनु भयो। यसमा वहाँको लामो राजनीतिक अनुभव तथा देश भित्र तथा देश बाहिरका राजनीतिक शक्तिहरूसँगको राम्रो सम्बन्धले ठूलो योगदान पुऱ्याएको देखिन्छ।

अझ स्मरण होस : तमलोपा पार्टीको गठन हुँदा पार्टी अध्यक्ष महन्थ ठाकुर स्पष्ट रुपमा भन्ने गर्नु हुन्थ्यो यो पार्टी संघर्ष गर्न त्यागी तथा बलिदान दिने मान्छेहरू मात्र मसँग आउनुस, सत्ताको लोभ तथा पद प्राप्तिको लागि हो भने यो पार्टीमा त्यस्तो मान्छेहरूको काम छैन। सम्भवत: सबै नेताहरू यी सिद्धान्तलाई आत्मसात गरेरै पार्टीमा आवद्ध भएको होला। हुनत राजनीतिको रुल अफ थम्ब (Rule 0f Thumb) के भन्छ भने "राजनीतिमा अड्कलबाजि गर्न सकिन्छ, ठोकुवा गर्न सकिदैन" त्यसै अनुरुप जनताबाट तिरस्कृत र पराजित व्यक्तिको नेतृत्वमा बनेको मन्त्रीमण्डलमा गठबन्धन दलहरूले समेत प्राय: जसो हारकै तथा अलोकप्रिय व्यक्तिहरूलाई सरकारमा पठाई जनताको उत्साह तथा नयाँ नेपाल बन्छ र परिवर्तन हुनेछ भन्ने मनोविज्ञानमा ठूलो चोट पुऱ्याउने कार्य भयो तथा जम्बो मन्त्री मण्डलको निर्माण तथा असक्षम व्यक्तिहरू (ती नेता हुन सक्दैनन् किनकी जनाधार छैन) ले राज्य हाँक्ने अभिभारा पायो।

तमलोपाको सरकारमा सहभागी हुने निर्णय वास्तवमा पार्टीको धरातलीय सिद्धान्त " सत्ता होईन प्रभु सत्ता" र संघर्षको सिद्धान्त विपरित हो साथ-साथै निष्ठावान कार्यकर्ताको भावना विरुद्ध पनि हो। कुनै पनि राजनीतिक पार्टी जनतामा स्थापित हुनलाई जनमुखरित सिद्धान्तहरूबाट अगाडि बढ्नु पर्दछ। मधेश आन्दोलनको सन्देश मधेशी जनतालाई अधिकार, सम्मान, पहिचान एवं स्वाभिमान संरक्षण हुने गरी "एक मधेश स्वायत्त प्रदेश" चाहिएको छ नकि मन्त्रि र मन्यालय। तमलोपा पार्टीको सामु धेरै ठूला-ठूला चुनौतीहरू छन्। सबै भन्दा महत्वपूर्ण पूर्व मेची देखि महाकालीसम्म सांगठनिक प्रारुप सशक्त हुनु पर्दछ। मधेश आन्दोलनका योद्धाहरूलाई सम्मान तथा घाइतेहरूलाई क्षतिपूर्ति दिलाउने कार्य। आन्दोलनका कार्यकर्ता तथा जनतालाई पार्टीमा आवद्ध गर्नुपर्ने कार्य। एउटा परिवर्तनकारी शक्तिको रुपमा स्थापित हुनलाई पार्टीमा अनुशासित तथा क्रान्तिकारी युवापिढीको निर्माण। 'एक मधेश स्वायत्त प्रदेश' को अर्जुन दृष्टिलाई पूरा गर्न मधेश तथा राष्ट्रिय विभिन्न शक्तिहरूसँग संवादको थालनी छ। तराई-मधेशको श्रोत साधनको बैज्ञानिकीकरण गर्ने कार्य। सूचना तथा संचारको विकास। मधेशी जनताको सामाजिक रुपान्तरण गर्नलाई शिक्षा, स्वास्थ्य, रोजगार तथा राज्यको सम्पूर्ण निकायमा समानुपातिक सहभागिता। "एक मधेश स्वायत्त प्रदेश" को संरचना एवं संचालनको खाका निर्माण र सबै भन्दा महत्वपूर्ण जनतालाई अहिलेको संविधान निर्माण प्रक्रियाको बारेमा अभिमुखिकरण हो किनभने हामी एउटा कुरा सहजै अनुमान गर्न सक्छौं मधेश तथा मधेशी जनताको विरुद्धमा पटक-पटक फेरी यस देशको सम्पूर्ण प्रतिगामी शक्तिहरू एक हुने खतरा बढ्दै छ। मधेशको जनताले एउटा निर्णायक लडाई लड्नु बाँकी नै छ। यी महान जनमुखी कार्यहरूलाई पाखा लगाएर अहिले सिङ्गो पार्टी पङ्क्तीलाई जनताको नजरमा बदनाम गराउने खेलमा केही व्यक्तिहरू गुटबन्दि तथा भ्रष्टाचार एवं आरोप प्रत्यारोपको कार्यमा लागेको देखिन्छ। प्रजातन्त्रमा यदि संघर्षशील शक्तिलाई कमजोर बनाउनु छ भने सत्तामा ल्याउनु पर्दछ भन्ने नजीर स्वरुप तमलोपा आफ्नो सच्चा कार्यकर्ता तथा जनताको नजरमा कमजोर बन्ने खतरा बढ्दै गएको छ।

हुनत मधेशका सम्पूर्ण राजनीतिक शक्तिहरू मधेशी जनताको चाहना अनुरुप अगाडि बढ्न नसक्नु सिङ्गो मधेशको दुर्भाग्य तथा Charismatic Leader को अभाव नै हो भन्नु अतियोक्ति नहोला। पार्टीका केहि नेता तथा कार्यकर्ताहरू जनतामा गई स्थापित हुनुको सट्टा राजनीतिक नियुक्ति तथा पदलोलुपतामा लागेको स्पष्टै भान हुन्छ। जनता भन्दा नेता तथा कार्यकर्ता नै कमजोर छन् कि जस्तो पनि लाग्छ। आफू असफल तथा कमजोरले अरुलाई कसरी सफलता तथा सबल बनाउन सक्छ ? तमलोपा पार्टी भित्र एकता, सहयोग समुहगत भावना, सद्भाव, समर्पण, इमान्दारिता तथा जनताप्रतिको उच्च प्रतिबद्धताको सिद्धान्तले अझै बलियोसँग जरा गाड्न सकेको छैन। जुन पार्टीको स्वास्थ्यलाई प्रत्यक्ष रुपमा प्रभाव पारिराखेको छ। पार्टी र सरकारको सम्बन्धमा एउटा उच्च स्तरको समन्वयको खाँचो देखिन्छ तथा पार्टीका मन्त्रीहरूले जनस्तरमा एउटा राम्रो छाप छोड्न सफल भएको देखिदैन। तमलोपा पार्टीको केन्द्रिय कार्यसमितिमा प्राय: पुरानै राजनीतिक स्कूलिङ्गबाट आएका नेताहरूबाट एकदमै धेरै आशा गरिराख्नु पर्ने अवस्था पक्कै पनि छैन। तर नयाँ युवा नेतृत्व यस्तो मानसिकताबाट गाँजिनु हुँदैन र नेतृत्वलाई सही मार्गमा अगाडि बढ्न निरन्तर दवावको श्रृजना गरिरहनु पर्दछ। अन्यथा हाम्रो समन्नत र स्वायत्त एक मधेश एक प्रदेशको सपना पूरा हुन अझै निकै समय तथा नसलको योगदान गर्नु पर्ने हुन्छ।

पार्टी अध्यक्ष महन्थ ठाकुरको लामो राजनीतिक अनुभव, निस्कलङ्क छवि, दृढ इच्छा शक्ति, राष्ट्र तथा अन्तर्राष्ट्रिय राम्रो सम्बन्ध तथा कर्मठताबाट तमलोपा पार्टीलाई हदैसम्मको उचाईमा पुऱ्याउँदै मधेश तथा मधेशी जनतालाई दुरगामी प्रभाव पार्ने फाइदाजनक कार्य गर्न सकिन्छ भन्ने विश्वास सम्पूर्ण सच्चा एवं निष्ठावान कार्यकर्ताहरूको जुन विश्वास छ त्यसमा अझ महत्वपूर्ण हृदेश त्रिपाठीको राजनीतिक ज्ञान एवं स्पष्ट धारणाले बल पुऱ्याउने गरेको छ। र यस यथार्थलाई सिङ्गो पार्टी पंक्तिले बुझ्नु जरुरी देखिन्छ। पार्टीलाई समूहगत नेतृत्वको लाभ हुने गरी योजना बनाई जनताको माझ जानुपर्ने आवश्यकता टडकारो देखिन्छ। अन्तमा तमलोपाको मेरुदण्ड यस पार्टीप्रति सुभेक्षा राख्ने सम्पूर्ण बौद्धिकवर्ग र पार्टीका सच्चा सक्रिय तथा निष्ठावान कार्यकर्ताहरू जो तया एवं बलिदानलाई आफ्नो अधिकार ठान्छन् उनीहरूलाई पार्टीमा स्थापित गराउन एउटा अभियान नै संचालन गर्नु पर्दछ र यसको नेतृत्व पार्टी अध्यक्षले नै लिनु पर्दछ एवं पार्टी रणभूलमको भूमरीबाट यथासिघ्र बाहिरिनु पर्दछ नभए पार्टीलाई ठूलो क्षति पुग्ने प्राय: निश्चित छ।

## दुई वरिष्ठ साहित्यकारलाई 'मधुपर्क' सम्मान

राष्ट्रकवि एवं मधुपर्क सम्मान २०६७ समारोहका प्रमुख अतिथि माधवपंसाद घिमिरेले पद्य र गद्यतर्फका दुई वरिष्ठ साहित्यकारहरूलाई आइबार एक सारोहमा नगद दशहजार एकका साथ प्रदान गर्नु भयो।

नेपाल प्रज्ञाप्रतिष्ठानको गोरखापत्र संस्थानद्वारा आयोजित सामारोहमा पद्य र गद्यतर्फ प्रा.डा.मोहन हिमांशु थापा र गद्यतर्फ समालोचक एवं आख्यानकार श्रीमती रमा शर्मा उक्त पुरस्कार ग्रहण गर्नुभएको हो। उक्त समारोहमा पुरस्कृत व्यक्तित्वहरुको कृतित्व र लेखनबारे प्रा.डा.ठाकुर पराजुलीले रोचक प्रसङ्गहर प्रस्तुत गर्नुभएको थियो भने पुरस्कृत व्यक्तित्व प्रा.डा.थापा र श्रीमती शर्माले लेखन र साहित्य जीवन गाँसिएकाले यसबाट कहिल्यै टाढा हुननसक्ने कुरा बताउनु भयो।

सभापतिको आसनबाट गोरखापत्र संस्थानका कर्मकारी अध्यक्ष एवं वरिष्ठ साहित्यकार श्री विजय चालिसेले 'मधुपर्क'को प्रकाशनमा देखिएका प्रकाशनसम्बन्धी शुभचिन्तकहरूले दिनु भएको सुझाव यथासमयमा पूरा गर्ने दृढता व्यक्त गर्नुभयो। साथै सो समारोहमा मधुपर्कका निमित्त सम्पादक एवं साहित्यका श्रीओम श्रेष्ठ 'रोधन' ले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै उहाँले २०५९ सालबाट मधुपर्क सम्मान सुरु गरिएको र हालसम्म १८ जना साहित्यकारहरू यस सम्मानबाट सम्मानित भइसक्नुभएको जानकारी दिनुभयो।

## हस्ताक्षर





**(नेपाली भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका जीवित एवं दिवंगत स्रष्टाहरुको संकलित 'हस्ताक्षर' विज्ञ पाठकवर्गका लागि धाराबाहिक रूपमा प्रस्तुत गर्ने क्रममा यस पटक साहित्यकार स्व.काशीबहादुर श्रेष्ठको हस्ताक्षर प्रस्तुत गरेका छौं– सं.)**

**नाम** : स्व.काशीबहादुर श्रेष्ठ

**जन्म** : वि.सं.१९६८ अजोज, कृष्णअष्टमी

**शिक्षा** : म्याट्रिक

**बुवा/मुमा** : गणेशबहादुर श्रेष्ठ, विष्णुमाया श्रेष्ठ

**परिवार** : पत्नी स्व.सुवर्णकुमारी देवी, छोराहरु दुर्गाप्रसाद र विजयकुमार श्रेष्ठ र दुई छोरीहरु।

**विधा** : कथा, कविता, निबन्ध, उपन्यास।

**प्रेरणा** : व्यापारको क्रममा वनारस, कलकत्ता, मुम्बईआदिको भ्रमणको अवसरमा त्यहाँको जनजीवन रहनसहन आदिको अध्ययनबाट पछि व्यापार छोडेर साहित्यक्षेत्रमा समर्पित हुने प्रेरणा मिलेको।

**लेखन आरम्भ** : सन् १९३० तिर साहित्यको क्षेत्रमा लेख्न शुरु गरेतापपनि सन् १९३४/३५देखि हिन्दीमा कथाहरु छापिन थालेका हुन्। पछि वि.सं. १९९३ देखि नेपाली साहित्य लेखनको प्रारम्भ गरे र त्यसै सालदेखि आफ्नो सम्पादनमा वनारसबाट 'उदय' नेपाली मासिक पत्रिकाको प्रकाशन आरम्भ गरे। उहाँका धेरै जस्तो कथा, कविता 'उदय'मा प्रकाशित छन्। पछि गोरखापत्र र प्रज्ञामा पनि प्रकाशित भए। यसअघि उहाँको हिन्दीमा लेखिएका कथाहरु भारतबाट प्रकाशित 'रंगभूमि' र 'कमलिनी' पत्रिकामा प्रकाशित छन्।

**मनपर्ने पुस्तक र लेखक** : **तरुण-तपसी र ऋतु विचार, शाकुन्तल र मुनामदन, चिसो चुल्हो र मुकुन्द इन्दिरा।**

**सम्मान/पुरस्कार** : भावपूर्ण साहित्यिक अभिनन्दन (साहित्यितक पत्रकार संघद्वारा २०४०), साहित्यिक महारथि स्वरुप (साहित्यिक पत्रकार संघ २०४१), मानार्थ आजिवन सदस्य (यी दुवै सम्मान र विदेशमा बसेर लामो समय 'उदय' पत्रिकाको माध्यमबाट नेपाली भाषा, साहित्यको सेवा गरेवापत)।

**कृति** : **उषा** उपान्या(वि.सं. १९९५), **वचन** (वि.सं. २००१), **तोता मैनाको कथा** (सन् १९५५), **ग्रेजुएट** (१२ कथाको संग्रह), **उदय** मासिक पत्रिका सम्पादन (वि.सं. १९९३ माघदेखि)

**भ्रमण** : नेपालको भक्तपुरबाट व्यापर व्यवसायको सिलसिलामा भारतको वनारस पुगी स्थायी बसोबास पश्चात भारतका कलकत्ता, बम्बई, पञ्जाब, बिहार, उत्तर प्रदेश, दिल्ली र काठमाडौंका तीन शहरमात्रै।

**रूची** : पठनपाठन/नेपाली भाषा सहित्यको सेवा।

**दिवंगत** : दिवंगत २०६४ जेठ १३ गते वाराणसी



**ठेगाना**

**स्थायी** : २५/९७ **चौखम्बा, वाराणसी**

**फोन** : २२१००१ (भारत)

## महँगीको मुश्लो सबैतीर

काठमाडौं / अर्थमन्त्री सुरेन्द्र पाण्डे नेपाली अर्थ व्यवस्थामा नयाँ आर्थिक वर्षको नयाँ बजेट कोर्न-कोराउन स्फूर्तिका साथ लागेका छन्। गिर्दो नेपाली अर्थतन्त्र अन्तत: बैदेशिक सहायता, बैदेशिक रोजगार र बैदेशिक रेमिट्यान्समा निर्भर छ। तर पनि राष्ट्र बैंक, योजना आयोग, अर्थमन्त्रालय आर्थिक प्रगतिसूचक निरर्थक शब्द थुपारेर जागिरदारीमा लागिरहेका छन्। बजेट आउनु अगाडी अहिले नेपाली बजार महँगीको मुश्लोमा परेको छ। महँगीको मारले आम उपभोक्ता आजित भएका छन्। पेट्रोल डिजेलको भाऊ महिनै पिच्छे बढ्ने गर्छ, बढाइन्छ। प्रत्येक ३/४ महिनामा ग्याँसको भाऊ बढ्छ। अहिले एक डेढ महिनापछि फेरि थप सय रुपैयाँ थप्ने योजना रहेको छ। त्यसैगरी दाल, चामल, तेल, औषधीजस्ता कतिपय उपभोग्य वस्तुमा महिनै पिच्छे मूल्य बढाउँदै लौजाने कार्यक्रम चलिरहेको छ। महँगीको मुश्लोले जनता आजित छन्।

नेपाली हुन पूर्व जन्मको कमाईले पुग्दैन
पुर्खाको पौरख, श्रम र आशिष मात्रले पुग्दैन
नेपाली हुन पवित्र आत्मा, नेपाली चाहिन्छ
पराया मुटु दौराको फेरले छोपेर पुग्दैन ।

-स्व.गोपाल योञ्जन (वरिष्ठ गीत एवं संगीतकार)

सम्पादक/प्रकाशक
ज्ञान उदास

व्यवस्थापक
प्रेमा उदास

कानूनी सल्लाहकार
गायत्रीप्रसाद घिमिरे

प्रमुख सल्लाहकार
ईश्वर पराजुली

कार्यकारी सम्पादक
सञ्जिव वाग्ले

संवाददाताहरू
भोजराज श्रेष्ठ 'एकलब्यराज' (पूर्वाञ्चल)

कम्प्युटर : सप्तकोशी कम्प्युटर सेवा, बागबजार, पीके क्याम्पस अगाडि
फोन : ४२४५१८५, ९८४१४८०१०४, ९८४९२५९२३५
पोष्ट बक्स नम्बर : २०४१३, मुद्रण : शर्मिला प्रिन्टर्स डल्लु, काठमाडौं, फोन : ४२७५६१६
कार्यालय : कामनपा–७, चाबहिल, बुलबुले मार्ग, फोन : ४४७१७७६
मोबाइल : ९८४१-२५१९३६, ईमेल : kc_dinesh2000@yahoo.com.

## सम्पादकीय

# जनहीतको प्रश्न गौण

*लोकतान्त्रिक गणतन्त्र भनेर भनिएको चार वर्ष भइसकेको छ । लोकतन्त्रमामा जनताको हित हुन्छ, लोककल्याण हुन्छ र यावत् सुख सुविधा प्राप्त हुन्छ भन्ने नेताहरुको अहँ गर्जना हो । तर भयो के ? भइरहेको छ के ? अहिले खानेपानी बाल्ने बिजुली र बाँच्ने अन्याय उपभोग्य सामग्री सबैको हाहाकार छ, सबैको अभाव छ र सबैतिर कठोर दुर्दशा छ । महँगी अभाव अन्याय अत्याचार र कठीन पीडामा मुलुक आक्रान्त छ, जनजीवन अस्तव्यस्त छ ।*

*यस्तो अवस्थामा नेपाली जनताको लोकहितका खातिर नेपाली नेताहरुले जुन प्रकारका नैतिक सामाजिक तथा राजनीतिक भूमिका खेल्नु पर्ने हो, त्यो पटक्कै खोलिएका छैन । बरू उनीहरु सत्ता, कुर्सी र पदकै छिनाझम्टीमा लागिरहेका छन् । मुलकु आक्रान्त जर्जर र विषयम परिवेशमा छ । तर, नेताहरुलाई यसको कुनै हेक्का छैन । उनीहरु खाने-खुवाउने र आफैं मोजमस्ती गर्ने अभियानमा छन् । जनहतिको प्रश्न अहिले गौण बनेको छ, जताततै स्वार्थ भ्रष्टाचार, अनियमितता र दण्डहीनता बढिरहेको छ । कुनै प्रकारको जिम्मेवारीको उत्तरदायित्व छैन । जताततै लपरवाही, जताततै गैरजिम्मेवारीपाना चलिरहेको छ । कोही कसैले जनहितको प्रश्नमा उत्तर दिनु नपर्ने यस्तो अनुत्तरदायि गतिविधि ब्याप्त छ ।*

*यो स्थितिमा जनतालाई अवाक, मौन र निरीह छन् । यो स्थातिमा नेताहरु आफ्नै मत्ता सुविधा पद र सत्ताको खेलमा निमग्न छन् । लोकतन्त्रको नारा दिएर लोककै अकल्याण गर्ने र जनताको नाम लिएर जनचताकै अहित गर्ने यस्तो पद्धति र परिपाटीले अन्ततः जनताकै अपमान गरेको छ । तर यसलाई नेताहरुले आफ्नो जितको तथा 'नेता विजय' को अर्थमा लिएका छन् । जनहितको प्रश्न गौण रहेको यो पद्धतिले अन्ततः नेताहरुको वैयक्तिक हित त गरेको छ, तर जनताको हितका विरूद्ध नै गतिविधि तीव्र पारेको छ ।*

# फेरी फोहर फाल्ने फजिती

काठमाडौं / बराबर थुप्रिदै र सोहोरिदैं जाने काठमाडौं उपत्यकाको फोहरमैला फेरि अर्को फजितीमा परेको छ। नुवाकोटको फोहर फाल्ने ठाउँमा अवरोध भएपछि डङ्गुर खडा भएको छ। पटक पटक अवरोधको श्रृंखला चल्दै आए पनि फोहर मैला व्यवस्था गर्ने प्रक्रिया व्यवस्थित हुन सकेको छैन। कुलो निर्माण गर्ने माग राख्दै नुवाकोटका स्थानीय बासिन्दाले ल्याण्डफिड सडकमा फोहोर झर्न झार्न निषेध गरेका छन्।

# माओवादीको आत्मसमर्पण

## दृष्टिकोण

– दीर्घराज प्रसाई –



**सम्राज्यवाद र विस्तारवादको बिरुद्ध उठेको माओवादी भारतीय षडयन्त्रबाट मुक्त हुन सकेन । अनमीन, युरोपियन राष्ट्रका प्रतिनिधिहरूको चंगुलमा फसेर माओवादी सम्राज्यवाद र विस्तारवादीको गोटी बन्न पुगेको छ । नर्वे, फान्स, बेलायत, जर्मनी लगायतका युरोपियन राष्ट्रका राजदूत र अनमीनको निर्देशनमा अनिश्चितकालीन नेपाल बन्द ६ दिनमैं समाप्त गरेर विदेशीहरूको साखिलो बन्न खोज्नु कहाँको राष्ट्रवाद हो ? किन अनिश्चितकालीन नेपाल बन्द गरियो र किन रोकियो ? के यसरी देश र जनतालाई तडपाउन पाइन्छ ?**

विदेशीका कठपुलती भनिएका माधव नेपालसँग माओवादीले आत्मसमर्पण गरेर हारेको छ। हामीले माओवादीबाट देशको लागि केही हुन्छ भन्ने ठानेका थियौं। तर प्रारम्भदेखि माओवादीको चलखेलको अध्ययन गर्दा न उनीहरुको विचार स्पष्ट छ न उनीहरु देशप्रति वफादार छन्। २०६२ साल भन्दा अगाडि यिनीहरुले संविधानसभाको कुरै उठाएका थिएनन्। माओवादी, कांग्रेस एमालेका पदलोलुप दलाल नेतालाई १२ बुँदे सहमति गराइदिएर सबै कुरा भारतले मिलाइदिएकाले यिनीहरु भारतले जे भन्छ त्यही गर्छन्। १२बुँदे सहमति पछि काण्डै काण्ड मच्चिए। जनआन्दोलन सफल भएपछि देशद्रोही नेताहरु साँडा ( unrestrained) बनेर निस्किए। संविधानसभाको चुवाउ भयो। दुईबर्षभित्रमा संविधान बनाउने संकल्प गरे। दुईबर्ष बित्यो, संविधान बनेन। माओवादीले माधव नेपाल प्रधानमंत्रीबाट नहटी संविधानसभाको म्याद थप्ने लगायत कुनै पनि प्रकारको संझौता गर्दैनौं भन्दै रडाको मच्चायो। संविधानसभाको दुईबर्षको समय अवधि समाप्त हुने भनिएको जेष्ठ १४ गते राती १२ बजेको १५ मिनेट अगाडि संवैधानिकरुपमा मरिसकेको संविधानसभाको म्याद थप्न माओवादी राजी भए। एक मात्र सांसद देशभक्त योद्धा चन्द्रबहादुर गुरुङले संसदमा बोले- संविधानसभाको म्याद थप्नु जनताको मेन्डेट बिपरित असंवैधानिक कुरा हो। यसको हामी बिरोध गर्छौं। त्यसबेला माओवादी नेता प्रचण्ड र बाबुराम भट्टराईको अनुहार टीभीमा हेर्न लायक थियो। कहिले यता कहिले उता, के हो त माओवादीको कुरा ?

दुईबर्षको समयअवधिमा संविधान बनाउन नसकेपछि चटक्क बाहिरिनु पर्नेमा बुढो गोरुले गाई ओगटेको जस्तो यी असफल तत्वबाट संविधान बन्छ भनेर कसरी पत्याउन सकिन्छ ? यो लज्जास्पद् कुरा हो। आफू आफू मिलेर म्याद थप्दै बवण्डर मच्चाउदै जनतालाई तडपाउने कुरा त राजनीति भित्र पर्दैन। विदेशीहरुको एजेण्डा- गणतन्त्र, धर्मनिरपेक्ष र संघीयता बोकेर हिड्ने देशद्रोही अपराधी मुर्दावाद। 'क'२०६७ जेष्ठ १४ गते राती ११।४५मा माओवादीले माधव नेपालसँग आत्मसमर्पण गरेका दिन देखि माओवादी अत्ताल्लिएको छ। माधव नेपाल एक औसरवादी दलाल हुँदाहुँदै पनि यस अवस्थामा प्रधानमंत्रीबाट राजीनामा गर्ने कारण छैन। माओवादीले हतियार र जनसेना विस्थापित गर्ने र कब्जा गरेको सम्पति फिर्ता नगर्ने अनि उता माधव नेपालले राजीनामा गर्ने कुरा कहाँबाट आउँछ ? माधव नेपाल जस्तो राष्ट्रका कलंकलाई अरु शक्तिशाली बनाउने माओवादी बाहेक अरु कोही होइनन्। दुःखकासाथ भन्नु पर्छ- संविधानसभाको म्याद बढाएर माओवादीको मात्र खाने दाउ हो। माओवादीको हार हो।

सम्राज्यवाद र विस्तारवादको बिरुद्ध उठेको माओवादी भारतीय षडयन्त्रबाट मुक्त हुन सकेन। अनमीन, यूरोपियन् राष्ट्रका प्रतिनिधिहरुको चंगुलमा फसेर माओवादी सम्राज्यवाद र विस्तारवादीको गोटी बन्न पुगेको छ। नर्वे, फान्स, बेलायत, जर्मनी लगायतका यूरोपियन राष्ट्रका राजदूत र अनमीनको निर्देशनमा अनिश्चितकालीन नेपाल बन्द ६ दिनमैं समाप्त गरेर विदेशीहरुको साखिलो बन्न खोज्नु कहाँको राष्ट्रवाद हो ? किन अनिश्चितकालीन नेपाल बन्द गरियो र किन रोकियो ? के यसरी देश र जनतालाई तडपाउन पाइन्छ ? १२ बुँदे सहमतिमा हस्ताक्षर गरेर कांग्रेस, एमाले र माओवादीका केही नेताहरु किन यसरी सिक्किमको लेण्डुब झैं नेपालको अस्तित्व समाप्त गर्न लागेका हुन् ? नेपाली मात्रलाई अहिलेको पीर यही हो।

अखण्ड चीनको स्वार्थ नेपालको सुदृढ सार्वभौमसत्तासँग गाँसिएको छ। भारतपरस्त कुनै कम्युनिष्ट माओवादी वा एमाले जो हुन् चीनले विश्वास गर्दैन। नेपाल स्वतन्त्र रहिञ्जेलसम्म चीनलाई कुनै खतरा रहन्न भन्ने कुरा चीनलाई राम्ररी थाहा थियो। नेपाल गणतन्त्र हुँदा विदेशीहरुको दाउपेचबाट फ्रि-तिब्बतको मुद्धा उठाएर अखण्ड-चीनको तहसनहस गराउन सक्छन् भन्ने हो। फ्रि-तिब्बतको लागि खम्पा समस्या उठाएर नेपालको उत्तरी सीमामा तीन दसक अगाडि अ स ं ख य ा ै हातहतियार जम्मा गरेको कुरालाई चीनले बिर्सेको छैन। उता नेपाललाई असफल राष्ट्रको दाँजोमा पुऱ्याएर नेपालको रक्षा र विदेश नीति आफ्नो कब्जामा लिएर नेपाललाई पेलेर राख्ने भारतको सोच हो। नेपालका माओवादीहरुले राष्ट्रवादी धार अपनाउन सकुन् भन्ने चीनको चासो रहँदै आएकोमा क्रिस्चियन मिसनको आयोजनामा खुल्लामञ्चमा माओवादी प्रचण्डले धर्मनिरपेक्षको बिरोध गर्नेलाई अपहरण गरिनेछ भन्दै सीआए लगायत युरोपियन राष्ट्रहरुलाई खुसी पार्न खोजेका बेलादेखि चीन भाँडिएको बुझिन्छ।

नेपालमा गणतन्त्र र धर्मनिरपेक्ष र संघीयताको भुतले भारतलाई खाँदैछ। भारतका कतिपय ठाउँमा माओवादी आक्रमणले भारत तडपिएको छ। अहिले आएर भारतीयहरु नेपाल माथि आफूहरुले गरेका गल्तीहरु सुधारेर नेपालको स्थायित्वका आधारभूत संरचनाहरु कायम गराउन कुटनीतिक चाल खेल्दै गरेको बुझिन्छ। संविधानसभाबाट संविधान बन्दैन। बने पनि त्यस्को समर्थन हुन्न। कथित अन्तरिम संविधान जन्मदैमा अपाङ्ग विवादास्पद रहदैआएको हो। नेपालमा राजसंस्था विस्थापित भएको वा निस्कृय भएको अवस्थामा नेपाल बच्न सक्तैन भन्ने कुरा स्पष्ट छ। अव नेपाल बचाउने कुरामा २०४७ सालको संविधानमा फर्केर सबैको ध्यान केन्द्रीत हुनुपर्छ। यिनीहरुले संविधान बनाउँदैनन्। यी देश खाने सलह हुन्। राजा समेतको उपस्थितिमा नेपाली जनता, राज्यका स्रोत साधन, अदालत, निजामती तथा सरकारी गैर सरकारी प्रशासकीय व्यवस्था, राष्ट्रिय सुरक्षा अंङ्ग लगायतले जवाफदेहीकासाथ दिगो शान्ति र नेपालको सार्वभौम स्वतन्त्रता बचाउन सकारात्मक बाटोमा आउनुको विकल्प छैन।

*dirgharajprasai@gmail.com*

# लोकतन्त्र : अर्को गाइजात्राको सुरुआत

नेपाली राजनीतिक लिकमा भारतीय कूटनीतिक रेल । यो रेल नयाँ नेपाल बनाउने सपना बोकेको माओवादीले प्रजातान्त्रिक दलहरूको पिठ्यूमा बोकाएर १२ बुँदे दिल्ली सम्झौता गरेर भित्र्याएको हो । यसरी विश्लेषण गर्दा हाम्रो लोकतन्त्रलाई लाहुरे लोकतन्त्र भन्दा फरक पर्दैन । लोकतन्त्रमाथि तोरीलाहुरेहरू छपक्कै छाएपछि त राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीको अनुहार पनि लाहुरे देखिए । लाहुरेको शासन लाहुरेतन्त्र हुन्छ, यस्तो तन्त्रमा लोकतन्त्र पटक्कै नदेखिनु अस्वभाविक होइन ।

लज्जा पनि लज्जित हुनेगरी लोकका नेता कति नाङ्गिन सकेका ? जय नेपाल, लाल सलाम भन्नेहरूले लगौंटी पनि बाँकी राखेनन् । सहारा र सल्लाहका लागि वर्षको चालिसचोटी दिल्ली वा लैनचौरको सानो दिल्लीमा छलाङ्ग लगाउनेहरूले घुमाएर कान समाएको शैलीमा अव 'जय हिन्द' नै भन्न थाले । लाग्छ, बम बहादुरले 'बिस्फोट सिंह'लाई र समाजबादीले दिल्लीका 'मानसपुत्र'लाई बाहेक अरुलाई मान्छे गन्दैनन् । दुबैथरिको दिल्ली एक्सप्रेसको गति-मतिको बेगले नेपालीत्व सखाप हुँदैछ ।

जङ्गली आवरणलाई सुकिलो लुगा र हँसिलो अनुहारमा रुपान्तरण गरेपछि स्वीटजरलैण्डदेखि सिंगापुर घुमेका माओवादी नेताहरूलाई थाहा छ : स्वीट्जरलैण्डको प्रतिव्यक्ति आय ३० हजार डलर छ, सिंगापुरको २५ हजार । स्वीट्जरलैण्ड र सिंगापुरजस्तै साधन स्रोत सम्पन्न देश नेपालको आय ३ सय पनि छैन । ८० प्रतिशत जनता एकछाक भोकै बस्छन् भन्दा नेताहरूलाई हीनताबोध हुदैन । हिजो कृषि प्रधान देश थियो, त्यसपछि हरियो बन नेपालको धन भनियो । राजनीति र कूशासनको भ्रष्टाचारले कृषि र बन धरासायी भएपछि प्रकृति र पर्यटनलाई नेपालका लागि बरदानको आधार मानियो । जनयुध्द र अस्थिरताको प्रहारले राष्ट्र छिया-छिया भएपछि जलस्रोतलाई सेतो सुन भनिदैछ । २००८ सालमा कोसी, २०१६ सालमा गण्डकी, २०५१ सालमा महाकाली, २०५२ सालमा मेची र २०६३ सालपछि कर्णाली र सेतीजस्ता ठूला-ठूला नदीनालामा भारतको हैकम स्थापित गर्नपुग्यौं । जलस्रोतमा ब्राजिलपछि विश्वको दोस्रो धनी देश नेपाल भारतबाट विद्युत आयात गरेर लोडसेडिङ् घटाउने बाध्यतामा पुगिसकेको छ । भारतलाई ३ रुपियाामा जल बेचेर १० रुपियाँ युनिटमा जनशक्ति खरिद गर्ने निर्णयमा पुग्नु नेपाली नेतृत्व क्षमताको उपहास हो ।

१७७६ मा स्वाधीन भएको अमेरिका आजको नेपालीका लागि स्वर्ग हो । १८६० मा दासप्रथाबाट उन्मुक्ति पाएको अमेरिका कहाँबाट कहाँ पुग्यो ? कहिल्यै उपनिबेश बन्नु नपरेको नेपाल 'बहादुर' 'कान्छा'बाट 'आतंककारी', 'गार्ड' र 'कमारो' बन्दै 'रेमिटान्स अर्थतन्त्र'को हाइटी स्तरमा झरिसकेको छ । हाइटी भनेको त्यो देश हो, जहाँका जनताले दुभालियरजस्ता भ्रष्ट नेता र उनका आज्ञाकारी प्रशासकहरूलाई शोषण गर्न र निरङ्कुशतन्त्र चलाउने मौन छुट दिएका छन् । त्यो हाइटी र यो नेपालमा आखिर फरक नै के बााकी छ र ?

१ सय ३० करोड जनसंख्या भएको भारतमा ४४५ जना सांसद छन्, ३ करोड जनता भएको नेपालमा ६०१ जना सभासद् बनाइयो । यिनले दैनिक लिने तलब, भत्ता र सुविधा जोडेर हेरौं, यिनले गरेका आर्थिक अनियमितताले हाइटी र नेपालमा कुनै भिन्नता देखिने छैन । गरिबी हटाउनु पर्नेमा गरिब र सामन्ती संस्कार हटाउनु पर्थ्यो, सामन्त हटाएर शोषण स्थापना गरेको भनेको यही हो । तैपनि राजनीतिक दलहरू समावेशी, समानताका गुलछर्रा उडाउँछन् र जनताको आाखा लोकतान्त्रिक तिरीमिरी झ्याइँदेखाएर लठ्याउँछन् । लोकतान्त्रिक गणतन्त्र नेपाल लेखेको टिनको पाता झुण्ड्याएर मङ्गलसेनतन्त्र चलाउने देश बनिसक्यो नेपाल । दण्डहीनता र बिधिहीनको तथ्याङ्कले यसै भन्छ । हिजो पनि इमान्दारिताको कदर भएन, आज पनि बेइमानहरूको रजगज चलिरहेको छ । ९३ प्रतिशत बिपन्न, कमैया, कमलरी, सुकुम्बासी, बेरोजगार, असहायहरूलाई सपनाको व्यापार गर्ने सस्तो बजार बनेको छ नेपाल । जयप्रकाश मल्लले वर्षको एकपल्ट गाईजात्रा देखाएर शोकमा परेकी महारानीलाई मनोरञ्जन दिने गर्थे, हाम्रा नेताहरूले बाह्रैमास गाईजात्रा देखाउन थालेका छन् । हामी गाईजात्रे, हाम्रो देश गाईजात्रे, लोकतन्त्र-अर्को गाइजात्राको सुरुआत ।

जनताले छर्लङ्गै देखेका छन् : बिगत ३ वर्षको नेपाली राजनीतिको परिदृश्य । पच्चीस राजनीतिक दलका प्रथम पुरुषहरू गाईजात्राका जोकर पात्रभन्दा भिन्न देखिएनन् । राजनीतिक मैदानमा बिदेशी शक्तिले उभ्याइएका यी बुख्याँचाहरू जनतालाई तर्साउछन् र आफू अनुकूल लोकतन्त्रमा विश्वास राख्छन् । यिनको लोकतन्त्रको परिभाषा ताक परे तिवारी हो । लोकतन्त्रको सामान्य र सर्वमान्य सिध्दान्तमा यी नेताहरू एकमत छैनन् । बिमति राख्ने, आरोप प्रत्यारोपको महाभारत खडा गर्ने अनि सत्ताको भागबण्डा लगाउने र भाग शान्ति जय नेपालमा सहमति खोज्ने, यिनको लोकतन्त्र यही हो । जब जिम्मेवारी निर्वाह गर्ने कर्तव्यलाई लाभहानीको तराजुमा जोख्न हिचकिचाउँदैन भने त्यस्तो राजनीतिले राष्ट्रलाई नैतिकहीनताको खाडलमा जाक्छ । नेपाल यस्तै खाडलमा जाकिदै गएको छ ।

जनताले शान्ति खोजेका हुन्, गणतन्त्र रोजेका हुन् र त्यो प्राप्ति हुन्छ भने किन बखेडा झिक्ने भनेर राजा ज्ञानेन्द्रले राजपाठ छाडिदिए । उनलाई त टण्टै साफ भयो । तर जनताको खोज र राजाको सोच पुरा भएन । पूर्व राजाले जनताका सामु आत्म-समर्पण नै गरेका हुन् र उनले त्यसको सम्मान पनि पाएका छन् । घटनाक्रमले के देखायो भने सामन्तका अवशेषले आरोपित पक्ष लोकवादी देखियो भने लोकतन्त्रका संवाहकहरू निरङ्कुशताको ताबेदार । यी नेता गिरेको जति राजा ज्ञानेन्द्र गिर्न तैयार भइदिएको भए, नेपालबाट अर्को २० वर्ष राजतन्त्र समाप्त नहुने रहेछ । गद्दी र श्रीपेच त्याग गरेर नेपाली नागरिकको हैसियतमा उनको भूमिका स्यावासयोग्य छ । स्वागत गरिएका ६ सय १ दृष्टिहीन अर्जुनहरू विवेकहीन बनेका छन् । यिनको हीनता देखेर



**प्रसङ्ग** — - राजन कार्की -

**सामन्तका अवशेषले आरोपित पक्ष लोकवादी देखियो भने लोकतन्त्रका संवाहकहरु निरङ्कूशताको ताबेदार । यी नेता गिरेको जति राजा ज्ञानेन्द्र गिर्न तैयार भइदिएको भए, नेपालबाट अर्को २० वर्ष राजतन्त्र समाप्त नहुने रहेछ । गद्दी र श्रीपेच त्याग गरेर नेपाली नागरिकको हैसियतमा उनको भूमिका स्यावासयोग्य छ । स्वागत गरिएका ६ सय १ दृष्टिहीन अर्जुनहरु विवेकहीन बनेका छन् । यिनको हीनता देखेर सौर्यशाली पूर्खा खित्का छाडेर हाँस्न थालेका छन् । जनताका लागि गैह्रजिम्मेवार लोकतान्त्रिक शासन काउसो भन्दा कम चिलाउने रोग बनेको छैन । तर के गर्नु, नकचरोको ओखती भए पो ?**

सौर्यशाली पुर्खा खित्का छाडेर हाँस्न थालेका छन् । जनताका लागि गैह्रजिम्मेवार लोकतान्त्रिक शासन काउसो भन्दा कम चिलाउने रोग बनेको छैन । तर के गर्नु, नकचरोको ओखती भए पो ?

राजनीति गर्नेहरूका लागि जनता नै सर्वशक्तिमान हुन् । नेपाली राजनीतिक दलहरूले जनताको टाउकोमा घिरिङ् खेलेर दिल्लीलाई मक्कामदिना बनाए । यसमा कुनै पार्टी अछुतो रहन सकेन । जनताका आदरणीय प्रतिनिधिहरू दिल्लीका प्रतिनिधिपात्रमा सिमित हुनपुगे । २०६३ साल चैत २८ को संविधानसभाको चुनाव र २०६४ जेठ १५ को गणतन्त्र कार्यान्वयनपछि राजतन्त्रको बहिर्गमन भइसके पछि सर्बशक्तिमान संबिधानसभाभन्दा सीताराम यचुरी र डा. मनमोहन सिंहहरू निर्णायक बन्दै गए । दिल्लीको विश्वासपात्र बन्ने होडबाजीको निरन्तरता झन बढ्यो । राजनीतिको बागमतीमा पानी बगिरह्यो, नेतृत्व परिवर्तन हुादै, लोकतान्त्रिक अभयास पनि भयो तर भारतको जुटाउने र फुटाउने निर्णायकत्व कमजोर भएन । दिल्लीले राष्ट्रपति र उपराष्ट्रपति मधेसबाट नियुक्त गरेर हिन्दीलाई राष्ट्रभाषाको दर्जा दिलाउन र एयरपोर्टमा एयरमार्शल राख्ने प्रस्ताव पनि सफल पारिछाड्यो । यसका बिरुद्ध बोल्ने साहस निकाल्न नसकेर मै हु राष्ट्रवादी भन्नेहरू सबै उकुसम कुसिएर पसिना पुछिरहेका छन् ।

२०५७ सालमा बीबीसीले बेभसाइटमा नेपाल भारतको उपनिवेश बनाउनु ठीक कि बेठीक भनेर सुनियोजित सञ्चार आतङ्क फैलाउादा कोही बोलेनन् । झापादेखि बारा, पर्सा, सुस्ता, दाङ, बाके, बर्दिया, कञ्चनपुरसम्मका अतिक्रमणप्रति प्रभावकारी आपत्ति प्रकट हुनसकेन । ०४६ सालसम्म नेपालमा बसेका २३ लाखलाई नागरिकता बााड्न सहमति जनाउने राजनीतिक दलहरूले अघोषित रुपमा नेपाललाई दोस्रो फिजी बनाइसकेका छन् र डा. रामबरण र परमानन्द झा भारतीय शासकका प्रतिमूर्ति बन्न पुगे । यी राजनीतिक कमजोरीले लोकतान्त्रिक गणतन्त्र भनेको देशलाई धर्मशालामा परिणत गर्ने पद्धति हो भन्ने अर्थ निस्कन पुग्यो । नेपाल हाम्रो, हामी नेपालका भन्न नसक्ने राजनीति कसरी हाइटीभन्दा भिन्न ठान्न सकिन्छ ? आजका नेताभन्दा त भारतीय कांग्रेसको पञ्जाछाप लागेका सद्भावनाका गजेन्द्रनारायण सिंह बढी राष्ट्रबादी देखिए । उनले भारतीय आप्रवासीलाई नागरिकता दिनुहुन्न, मधेसी समुदायमाथि अन्याय हुन्छ भनेर बिमति प्रकट गरेका थिए । आजका नेताहरू गज्जुबाबुभन्दा पनि गञ्जु साबित हुनपुगे । तीतो शव्दमा भन्ने हो भने माओवादीको हठ, कांग्रेसको शठ र एमालेको संवेदनहीन राजनीतिले देशको अस्तित्व, व्यक्तित्व, सार्वभौमिकता र अखण्ड स्वाधीनतालाई बिनासमात्र गरेन, अत्यन्त कमजोर अवस्थामा पुर्‍याइदियो ।

माओवादीले रामराजालाई अघि सार्‍यो, भारतले राजाको स्थानमा रामवरणलाई राष्ट्रपति बनाइदियो । यी राम सत्ययुगका तारणहार राम होइनन्, यी त धनुषाका कांग्रेसी राम हुन् । पाउन्जेल राष्ट्रपति हुन्छन्, नपाए धनुषातिर भैंसी चराउन जान्छु भन्छन् । उनले यसै भनेका छन् । माओवादीले रामराजा खोज्यो, भारतले भैंसी गोठालो खटाइदियो । जनता छक्क परे । मन्दविष र अल्पबुद्धि उस्तै हुन्छ । राजतन्त्र फालेको खुशी यसरी प्रकट भयो ।

पञ्चायतकालमा भन्ने गरिन्थ्यो :रुसमा पानी पर्दा नेपालमा कम्युनिष्टहरू छाता ओढ्छन् । सोभियत रुस टुक्रिएपछि उखान पनि बदलिएको छ । आज दिल्लीलाई रुघा लाग्दा नेपालका सबै दलहरू हाच्छ्यूँ गर्छन् । हिजोसम्म दिल्लीले नेपाली कांग्रेसलाई घोडा बनाएर चढेको थियो । दिल्लीले कांग्रेसी बुढो घोडा छोडेर माओवादी हुादै तन्नेरी एमालेलाई घोडा बनायो । आफ्नो स्वार्थका लागि दिल्लीले घोडा फेर्ने खेल मौसम अनुसार खेलिरहन्छ । लोकतान्त्रिक गणतन्त्रमा स्वाभिमान स्थापित होला भनेको त स्खलित पो हुनगयो । यो आरोप हाम्रो होइन, यो आरोप नेमकिपाका नेताले सगरमाथा एफएमबाट खुलस्तसँग भनिदिएका हुन् । सुनिल प्रजापतिले २ वर्ष अघि नै गोप्यताको खुलासा गर्दै भनेका थिए- नेपालमा समस्त मधेस एक प्रदेशको माग उठ्ने छ र त्यसमा सातै दलले सहमति गर्नेछन् भन्ने विषयमा दिल्लीमा सहमति भएको थियो । १२ बुँदे दिल्ली सहमतिपछि भारतीय नागरिकलाई नागरिकता बाँड्ने, बिखण्डनबादी सवालहरूमा समर्थन गर्ने र सीमा अतिक्रमणलगायतका कुनै पनि ज्यादति र बिस्तारवादमा बोल्न नसक्ने अरु कति गोप्य सम्झौताहरू भएका छन्, ती पेण्डोराका बाकसहरू कति खुले, कति 'आहिस्ता आहिस्ता' खुल्दै जानेछन् ।

पहिचानको कुरा गर्ने हो भने भेटिकनदेखि भुटानसम्म, बंगलादेशदेखि बर्मासम्म विश्वसमुदायमा समान छन् । नेपालमात्र भारतको सामु मुखले बोल्न सक्दैन, नाकले सुघ्छ र पुच्छर हल्लाईरहन्छ । अर्थात आत्मशक्ति गुमाएर घ्राणशक्तिमा पुगेको छ नेपाल । अमेरिकामा रकफेलरदेखि बिल गेट्ससम्मका खर्बपतिहरू सत्तामा पुगेनन् । भारतमा लक्ष्मी मित्तलदेखि रतन टाटासम्म सत्तामा उक्लने इच्छा राख्दैनन् । जनताप्रति इमानदारहरू सत्तामा पुग्छन् । नेपालमा राजनीति-मुनाफाको ग्यारेण्टी भएको भारतीय अनुदान र गरिब नेपालीले तिरेको करको सब्सिडीसमेत पाइने साल्ट ट्रेडिङ्को नून व्यापार बनेको छ । जब राजनीति मुनाफाको पेशा बन्छ, काला व्यापारीहरूले मुख लुकाउने सुरक्षित थलो र अपराधीलाई चोख्याउने चोखो तीर्थस्थल बन्छ, भ्रष्टहरूको साझेदारी हुन्छ, देश महानगरको कन्टेनर बन्नु स्वभाविक हो । यस्तो फोहरी राजनीतिमा गुह्य किरा नजन्मे के जन्मिन्छ ? धमिरा लागेपछि रुख त ढल्छ, देश खोक्रो हुनु स्वभाविक हो । भविष्यमा यो देशको बर्बादीको कस्ता-कस्ता परिदृश्य देख्नुपर्ने हो ? सम्झदा पनि कहाली लाग्छ ।

यथार्थ कुरो के हो भने, जनतासँग डराउनेहरू तानाशाह बन्दैनन् । जनतालाई भयाक्रान्त पारेर राजनीतिक बर्गले सर्बसत्तावाद चलाउन थालेकाले लोकतन्त्रमा तानाशाहीले टाउको उठाउन थालेको हो । यो दुर्गुणलाई नसच्याएर वा नमिल्काएर उदारतापूर्वक लोकतन्त्रले पिठ्यूमा बोकेकाले त्यो हाइटी र यो नेपालवीच भिन्नताको दूरी साँघुरिएको हो ।

# जनप्रिय भूपी शेरचन

*हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए*
*बन्दैन देश दुई-चार सपुत मरेर नगए*

लोकलयमा लेखिएको यो प्रसिद्ध कविता लेख्ने कवि भूपी शेरचन हुन् । उनी नेपाली सहित्यका चहकिला तारा हुन् । उनीभन्दा अगाडी कविता लेख्ने कविहरूले लेखे जस्तो गरी कविता नलेखिकन उनले सरल तरिकाले कविता लेखरेर सबैलाई छक्क पारिदिएका थिए । अचेल उनकै सिको गरेर कविता लेख्ने कविहरू थुप्रै छन् । तर, उनले कविता लेख्दा कसैको सिको गरेका थिएनन् । कविता लेख्ने आफ्नै खालको नयाँ तरिका उनले निकालेका थिए ।

भूपीभन्दा अगाडि कविता लेख्ने कविहरू छन्दमा कविहरू लेख्थे । छन्त कविता भनेको लय हालेर, भाका मिलाएर पढ्नुपर्ने कविता हो । उनको उमेरका कविताहरूचाहिँ छन्द कविता त लेख्तैनथे, तर उनीहरूको कविता बुझ्न चाहिँ कठीन पर्थ्यो । त्यस्तो बेलामा उनले छन्द नभए पनि लय हालेर पढ्न सकिने र सबैले बुझ्ने खालका कविताहरू लेखे । मान्छेले मन नपराएका र मान्छेका लागि हानी गर्ने कुराहरू हाम्रो समाजमा थुप्रै भएको उनले देखेका थिए । एउटा मान्छेले अर्को मान्छेमाथि गरेको अन्य पनि उनले देखेका थिए । त्यसैले उनले अन्यायमा परेका सबै मान्छेका मनका कुराहरूलाई कविताका रुपमा लेखे । मान्छेहरूले भन्न खाजेका तर, भन्न नसकेका कुराहरू भाँती पुऱ्याएरु भूपी शेरचनले कवितामा खेलिदिएका हुनाले उनलाई सबैले मन पराए, अनि उनी नेपालका ठूला कविका रुपमा नेपाली जनतामा प्रसिद्ध भए ।

भूपीको खास नाउँ भूपेन्द्रमान शेरचन हो। उनको जन्म वि.सं. १९९२ सालको पुस महनिामा मुस्ताङ जिल्लाको थाक टुकुचे भन्ने ठाउँमा भएको थियो । उनको बाबुको नाउँ सुब्बा हितमान शेरचन हो । भारतमा पढ्नबस्ता भूपीले राजानीतिका पुस्तकहरू पढे । उनले भारतमा बसेर राजनीति गरिहेका नेपालीहरूसँग सङ्गत पनि गरे । त्यसैले उनीले पनि राजनीति गर्छु भन्ने विचार गरे । त्यसबेला उनले कविताहरू लेख्न थालिसकेका थिए र आफ्नो नाउँ भूपेन्द्रमान सर्वहारा लेख्ने गरेका थिए । राजनीतिमा लागेकाले उनले आफ्नो नाउँमा सर्वहारले लखेका थिए ।

भूपीले स्नातक (बीए) सम्मको अध्यन गरेका थिए । नेपमली कविका रुमपा उनले त्यस बेलाको सोभियत संघ नामक राष्ट्रको भ्रमण गरेका थिए । उनी नेपाल राजिकीय प्रज्ञाप्रतिष्ठान नामक साहित्यिक संस्थाका सदस्य बनाइएका थिए । त्यहाँ सदस्य रहँदा उनले त्यहाँबाट तीन तीन महिनामा निस्कने कविता र प्रज्ञा नाउँका दुवै वटा सहित्यिक पत्रिकाको सम्पदानसमेत गरेका थिए ।

भूपी कवि हुन, तर उनले नाटक पनि लेखेका छन् । वि.सं.२०१० सालमा उनले 'परिवर्तन' शीर्षकको नाटक लेखी पुस्तकका रुपमा छपाएको थिए । उनको नाउँबाट निस्किएको पहिलो पुस्तक त्यही हो र उनले लेखेका नाटक पनि त्यही एउटा मात्रै हो उनका कविता संग्रह चाहिँ चार वटा छन् । उनले लेखेका पुस्तकहरू यी हुन्– नाटक **परिवर्तन,** कवितासंग्रह **नयाँ झ्याउरे, निर्झर, घुम्ने मेचमाथि अन्धो मान्छे, भूपी शेरचनका कविताहरू ।**

यी कविताहरू मध्ये 'नयाँ झ्याउरे' वि.सं.२०११ सालमा, 'निर्झर' २०१५ सालमा र 'घुम्ने

## जीवनी



मेचमाथि अन्धो मान्छे' २०२५ सालमा छापिएका थिए । 'भूपी शेरचनका कविताहरू' पछि मात्र प्रकाशित भएको हो । यी बाहेक विभिन्न पत्रपत्रिकाहरूमा उनका थुप्रै फुटकर कविताहरू छापिएका छन् । केही लेखहरू पनि उनले लेखेका छन्, तर लेखहरूको संग्रहचाहिँ अहिलेसम्म पनि छापिएको छैन् ।

भूपीका चार वटा कवितासंग्रहहरूमध्ये **'घुम्ने मेचमाथि अन्धो मान्छे'** नाउँको पुस्तक एकदमै मन पाराइएको कवितासंग्रह हो । नयाँ तरिकाले लेखिएका राम्रा राम्रा कविताहरू त्यो पुस्तकमा छन् । नराम्रा कामकुराहरूलाई छेड हानेर लेखिएका कविताहरूको त्यो पुस्तक सबैले मन पराएका हुनाले वि.सं. २०२६ सालमा भूपी शेरचनालाई 'साझा पुरस्कार'



**– लेखक : गोपाल पराजुली –**

नाउँको साहित्यिक पुरस्कार प्रदान गरिएको थियो । त्यसपछि २०४२ सालमा उनलाई 'गोरखा दक्षिणबाहु' भन्ने तक्मा पनि दिइएको थियो ।

लोकप्रिय हुनका लागि धेरै पुस्तकहरू लेख्नु पर्दैन, सबैलाई मन पर्ने एउटै पुस्तक लेखे पनि लोकप्रिय भइन्छ भन्ने कुरामा भूपी उदाहारण बनेका छन् ।र उनले खेलेको कविता यस्तो छ–

*हामी जतिसुकै माथि उठौं*
*जतिसुकै यताउति दगुरौं*
*जतिसुकै ठूलो स्वरमा गर्जौं*
*तर, हामी फगत पानीका फोका हौं ।*

भूपी गीत पनि लेख्थे । उनका गीतहरू पनि मन छुनेखालका छन् । उनको एउटा प्रसिद्ध गीतको अंश यस्तो छ–

*यो नेपाली शीर उचाली संसारमा लम्किन्छ*
*जुनकीरीझैं ज्योति बाली अन्धकारमा चम्किन्छ ।*

अरुले लेखेजस्तै गरी कविता लेख्नुपर्छ भन्ने छैन, सक्ने मान्छेले आफ्नै तरिकामा कविताहरू पनि लेख्न सक्छ भन्ने कुरामा पनि भूपी उदाहरण बनेका छन् । भाकाहालेर पढ्ने नमिल्ने कविताहरू पनि भाका हालेर पढ्न मिल्ने कविताजस्तै प्रसिद्ध हुन्छन् भन्ने कुराको समेत उनका कविताहरू उदाहरण बनेका छन् । उनको भाषा पनि धेरै मीठो छ । उनी सरल शैलीमा विशेष कुरा लेख्न सक्ने कवितका रुपमा प्रसिद्ध छन् ।

यस्ता प्रतिभाशाली कवि भूपी शेरचनको मृत्यु काठमाडौंमा वि.सं. २०४६ साल जेठ १ गते ५४ वर्षको उमेरमा भयो । भूपीको मृत्युपछि नेपालले यो देशका एक होनाहार कविना गुमायो । भूपी हाम्रा देशका ख्यातिप्रांप्त कवि हुन् । कवि भूपि नेपाली साहित्यमा धूपीको बास्ना झैं मगमगाइरहेका छन् ।


**देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरुको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरुको कर्तव्य हो ।**

नेपाल सरकार

**सूचना तथा सञ्चार मन्त्रालय**

सूचना विभाग


## बाल कविता

### कुल्चिन दिन्न

– सुदनप्रसाद पोखरेल



दुख्ख सानाले होइन आर्ज्याको देश प्यारो
कुल्चिन दिन्न दिन्न धर्ती यो माटो मेरो ।

तातो रगत कोशी, मेची र काली, सेती
कर्णाली, भेरी, राप्ती उर्लन्छन् गर्जीगर्जी ।

सुकेको छैन टाटो आलो छ घाउ ताजा
टिस्टा र काँगडाको बिर्सेको छैन गाथा ।

जयजय आमा काली गुरु गोरख भन्दै
बैरीको चिर्छु छाती माटो नेपाल भन्दै ।

## एकछिन हाँसौं

### हात खुट्टा भाँचियो

एउटा गाउँको मान्छेले नयाँ मोटरसाइकल किनेर लगेछ । पसलेले १ वर्षको ग्यारेण्टी दिएछ र भनेछ- यसको केही समान १ वर्षसम्म टुट्दैन र भाँचिदैन पनि । यसको एक महिना पछि त्यो गाउँले सिराउँदै पसले कहाँ आयो । पसलेले ग्राहकलाई सोध्यो, भन्नोस् के भाँचियो ? ग्राहकले भन्यो एउटा हात, दुईवटा खुट्टा र चारवटा दाँत ।

### जाँची हेर्नुस्

निरिक्षक : क्या हो, सर तपाईंको विद्यार्थीहरू त निकै कमजोर छन् भन्ने सुनिन्छ नि !

शिक्षक : म जस्तो शिक्षकको बङगरा फुकालेर हात भाँच्ने विद्यार्थीहरू कमजोर छन् कि बलिया छन्, तपाईं आफैं जाँची हेर्नुस् न ।

### धोका पाउन चाहन्न

एउटा चोर आफ्नो कैदी जीवन सकेर छुट्ने क्रममा जेलरले सोध्यो,

जेलर : अब तिमी यहाँबाट निक्लेपछि के गर्छौ ?

चोर : पहिले सिधै गएर एक जोर जुत्ता नै किन्छु ।

जेलर : किन ?

चोर : किन हुन्यो नि, पहिले जुत्ता नहुनाले भाग्न नसकेर यो हाल भो, अब म धोका पाउन चाहान्न ।

Green Ambassador's Massage

## Global warming: How much Positive is it ?



*Prateek Gautam*

'Goble warming! Global warming! Global warming!' it's what we hear everywhere. In fact, this is a bubbling issue of today which has changed the way we regulate and organize Our lives. All of us take it as negative having adverse effect on every filed of work. Have we ever tried to find out how positive it is ? how much it has helped us ? Lets take a look.

Actually, the term used above means the gradual warming of the earth's atmosphere (not land or water) which is caused by a huge release of greenhouse gases such as: $CO_2$, $NH_4$ etc. It speeds up the natural Process of global warming by depleting the ozone layer which causes the harmful ultraviolet rays of the sun to enter the earth. In spite of this, it has following merits:

1) The condition of vegetation is improving day by day due to it. Latest researchs show that, due to warmness there is improvement in breeds.

2) The animals are being hybridized. As a result, new strong and efficient animals are being evolved which certainly helps us.

3) Above all, the places where human population couldn't survive (very frized zones), the habitat is slowly being good for them. We are getting places for agriculture !

4) The condition of rain is also improving. Water is being heated up at huge pace.

*Class : IX 'A', Loyalty, Academy, mandikhatra, Ktm*

# k$fzsf] ;ut

एकादेशमा एकजना धनी मुखिया थिए। उनको सन्तानमा एकजना मात्र छोरा थियो। त्यो छोरा जन्मेको दिन मुखियाको मनमा उज्यालो थपिए जस्तो भएको थियो। त्यही कारण छोराको नाम पनि



**बालकथा** - कल्पना प्रधान

प्रकाश राखियो। प्रकाश पनि साँच्चै ज्ञानी र राम्रो केटा थियो। स्कुलमा पनि सबै साथीभाइसँग प्रेमपूर्ण व्यवहार गर्दथ्यो।

आफ्नो छोरो प्रकाश ठूलो हुँदै आएको देखेर आमा-बाबुको मनमा छटपट बढ्न थाल्यो। घरका सदस्यहरू धेरै थिए। ती सबैका आँखा प्रकाशमाथि हुन्थे। पढेर बसेको छोरालाई देख्ता आमाबाबुले भन्ने गर्थे–' सँधै किताबी कीरो मात्र भएर हुन्न बाहिरफेरको ज्ञान पनि चाहिन्छ विचार गर्नु है।'

घरकी बुढी आमाले सँधै प्रोटिनयुक्त खाना खुवाउनुपर्छ भन्दै कलेजो, अण्डा, माछा, मासु, फलफूल कोच्याउने गर्थिन्। प्रकाशको काकाले भन्थे 'केही पनि चिज बढी खान हुन्न। पछि मोटाएर बङ्गुर जस्तो भइन्छ र उठ्न, बस्न सकिन्न।'

बुढो बाबुले पनि थप्थे–' बाबु प्रकाश राम्रोसँग खाना खाऊ। खाना नखाने मान्छे मरनच्यांसे र नराम्रो हुन्छ, फेरि बिरामी पनि परिन्छ।' सबैको कुरा प्रकाशले उत्तिकै ध्यानपूर्वक सुन्दथ्यो।

एकदिन स्कुलको वनभोजमा सबै छात्रछात्रा र गुरुवर्ग गएका थिए। त्यहाँ धेरै किसिमका मानिसहरु थिए। कोही खाना पकाउनमा व्यस्त थिए। कोही गानाबाजनामा मस्त थिए। प्रकाश पनि वनभोजको बारेमा केही संस्मरणहरू लेख्ने विचारले जंगलको दृश्यावलोकन गर्न हिंड्यो। धेरै जना साथी भएकाले हाँस्तै खेल्दै जाँदा उनीहरू धेरै पर पुगे। त्यहाँ यौटा सुन्दर बगैंचा थियो। बगैंचामा सुन्तला लटरम्मै पाकेका थिए। सबै साथीहरू बगैंचामा पसेर सुन्तला टिप्दै खान थाले।



प्रकाशका साथीहरू मूर्ख थिए। प्रकाश भने परबाट हेरेर कराउँदै थियो–'भाइ हो चोरी गर्नु हुन्न। फर्क सरहरूले हामीलाई के भन्नुहुन्छ ? ढिला भइसक्यो आऊ।' प्रकाशको कुरा कसैले सुन्न मन नगरी उल्टै प्रकाशलाई भने 'यो बगैंचा हाम्रो नितेशको हो। नडराई आऊ। हामीले दुई चार सय टिपी सक्यौं। तिमी पनि यौटा मात्रै भए पनि खाऊ।'

केटाहरूको हुल आएर प्रकाशको हातमा समाउँदै तानेर रुखमा पुऱ्याए। नितेश भन्ने यौटा छट्टु केटो थियो। उसले भन्यो–'तिम्रो बाबुको सम्पति हामीलाई दिंदैनौं। यो मेरो बाबुको सम्पति हो, ल खाऊ कति खान्छौ ? म दिन्छु।'

प्रकाशले डर मान्दै मान्दै यौटा सुन्तला हातमा लियो। त्यै बेला बगैंचाको हेरचाह गर्ने मान्छे आए। बगैंचामा पसेका सबैलाई यौटा कोठामा थुनिदिए। प्रकाशलाई लाज र डरले लल्याक लुलुक बनायो। एक छिनपछि मालिक पनि आए र सोधपुछ गरे।

प्रकाशले दुई हात जोडेर नम्रतापूर्वक भन्यो–'सर म चोर हैन। म एउटा विद्यार्थी हुँ। साथीको यो बगैंचा हो भन्ने सोचेर मैले यहाँ टेकेको मात्र छु। कृपा गरेर मलाई छाडिदिनुहोस्।

बगैंचाको मालिकले गम्भीर भएर भने–'कुरा सुन्दा तिमी चोर होइनौ, तर बदमासहरूको संगतमा परेर तिमी यहाँ आयौ, अब तिमी पनि चौर भयौ। असल मानिसले बदमाससँगको संगत गर्न सँधै डराउनुपर्छ। तिमीहरूलाई थाहा नै होला– संगतगुनाको फल यस्तै हुन्छ।'

## मैले कोरेको चित्र



मिलन तामाङ, कक्षा-६, महानसिद्धार्थ बोर्डिङ स्कूल, कुमारीगाल



सुजिता पाण्डे, कक्षा-६, महानसिद्धार्थ बोर्डिङ स्कूल, कुमारीगाल

# विश्वमै अत्यन्त दूर्लभ : ध्वाँसे चितुवा



ध्वाँसे चितुवालाई अंग्रेजीमा Clouded Leopard भनिन्छ। भने वैज्ञानिकहरूले यसलाई Felis nebulosa नाम दिएका छन्। विश्वमै अत्यन्त दुर्लभ मानिने यस प्रजातिका चितुवाहरू खास गरेर इस्ट इण्डिज र दक्षिण पूर्वी एसियामा पाइन्छन्। यस किसिमका चितुवाहरूका खुट्टाहरू अलि छोटा हुन्छन् भने पुच्छर चाहिं अरु कुनै मांसाहारी जनावारको भ न्दा लामो हुन्छ। यिनीहरूको पुच्छर करिब ३३ इन्च जति लामो हुन्छ र शरीर खरानी रङ्ग र खैरो रङ्गको मिश्रणले बनेको हुन्छ। साथै यसको थुतुनोदेखि पुच्छर शुरु हुने आधार स्थलसम्मको लम्बाकाई करिब ३९ इन्च जति हुन्छ। अनि काँधसम्मको उचाइ करिब १७.६ इन्च जति अग्लो हुन्छ।

यिनीहरू रुख चढ्न निकै सिपालु हन्छन्। खासगरेर यस्ता स्तनधारी जनावरहरूका चराहरू, भेडाबाख्राहरू, सुँगुर र कुखुराहरू मनपर्दो आहरा हुन्। स्मरण रहोस् काठमाडौंको व्यस्त शहर डिल्लीबजारस्थित चारखाल छेऊको राममन्दिरमा यस्तै प्रजातिको ध्वाँसे चितुवा २०५७ माघ २० गतेका दिन फेला पऱ्यो। व्यस्त शहरमा दिनको ११ बजेतिर घना जङ्गलमा पाइने चितुवाको करिब चार पाँच वर्षको बच्चा अचनाक प्राप्त हुनु आश्चर्यका कुरा होइन। वन्यजन्तु संरक्षण तथा राष्ट्रिय निकुञ्ज विभागका रेञ्जर भन्छन्– 'उपत्यका नजिकैका नागार्जुन वा शिवपुरी जंगलबाट आहराको खाजीमा आएका हुनुपर्छ। साथै यो चितुवा कुनै जङ्गलबाट आहराको खोजीमा निस्ँदा बाटो विराएरा रातको समयमा शहर छिरेको हुनसक्छ।

कोही भन्दै थिए, नजिकैको छेउछाउका बस्तीमा चितुवा आउने घटना उपात्यकाबासीका लागि आश्चर्यको कुरा भने होइन, तर काठमाडौंको मध्य एवं व्यस्त भागमा हिंस्रक जंगली जनावर हिउँसै भेटियो भनेर सुन्नेहरूका लागि अपत्यारिलो हुनसक्छ। उक्त दिन डिल्लीबजारमा ध्वाँसे चितुवाको बच्चालाई हेर्न हजारौंको घुइँचो चार घण्टासम्म एकनासले रह्यो। साथै सो रमाइलो हेर्न छेउछाउका घरका झ्याल र छतहरू पनि कुनै खाली थिएन। भीड नियन्त्रण गर्न प्रहरीको सहयोग लिनुपऱ्यो र भीड शान्त भएपछि सोही दिन २ बजेतिर उक्त ध्वाँसे चितुवालाई समात्न डार्ट गर्ने सामान जावलाखेलको चिडियाखानाबाट ल्याई चितुवा बसेको ठाउँलाई जालले छोपेर बेहोस पारी समातिएको थियो। यसरी काठमाडौंको मध्यभागमा जंगली जनावरलाई बेहोस पारेर समातिएको यो घटना पहिलो मानिन्छ।



# संविधान व्यवहारमा लागु भएको हेर्न लालायित दलित समुदाय

–रुपा गहतराज,

बर्दियाको बेलवा गाविस बनमुडवाका कृष्ण परियारको जीवनमा अझै कुनै परिवर्तन आएको छैन। परिवर्तनको छाँट पनि देखिँदैन। गाउँभरिका गैरदलितको कपडा सिलाउँछन् कृष्ण। तर पैसा भने लिदैनन्। वर्षे र हिउँदे बाली स्याहार्ने बेलामा विष्टको खलौमै पुगेर आफ्नो श्रमको ज्याला 'बाली' उठाउँछन्। जसलाई बालीघरे प्रथा भनिन्छ। ६ जनाको परिवार पाल्न उनले पुर्ख्यौली पेसा अपनाउँदै आएका हुन्। यो पेसा उनले आफ्नै बाबुको पालादेखि गर्दै आएका छन्। उनले बालीघरे प्रथामा जीवन साँचीरहेको झण्डै पच्चीस वर्ष हुँदैछ। कृष्ण जस्तै कपडा सिलाउने, आरन र सुनको काम गर्ने दलितहरूले पुस्तौदेखि श्रम अनुरुप ज्याला नपाउँदा दैनिक गुजारा गर्न कठिनाई भएको छ। वर्षभरि अर्काको काम गरेर ज्याला माग्न जाँदा पनि रित्तो हात फर्किनु पर्छ। कतिपय समयमा वर्ष भरी काम गराएका विष्टले उब्जनी नभएको बहाना बनाएर रित्तो हात फर्काउने गरेको अनुभव पनि संगालेका छन् उनले।

'वर्ष भरीको कमाईले परिवारलाई जेनतेन खानेसम्म हुन्छ। तर, औषधी उपचारका लागि ऋण नलिई हुँदैन।'– कृष्ण बताउँछन्। १२ जनाको परिवार पाल्न पुस्तौंदेखिको बालिघरेलाई निरन्तरता दिएकी गौरी परियारसँग त असमान व्यवहार भएकै छ भन्न सकिन्छ। पुरुष सरह काम गर्ने उनी ज्याला भने पुरुषले भन्दा कम पाउँछिन्। गौरी भन्छिन्,–'महिला भनेर ज्याला कम दिन्छन्। छँदै छैन भने पछि त्यत्तिकै बस्नुभन्दा काम गर्नै पर्यो। चित्त बुझाउनै पर्यो।'

कृष्ण र गौरी उदाहरणमात्र हुन्। उनीहरू जस्तै बालिघरे दलितहरूले यही नियति भोग्दै आएका छन्। बालिघरे प्रथा नियन्त्रणका गर्नका लागि र दलित महिलाहरूले समान ज्याला पाउने नेपाल सरकारले ऐन ल्याए पनि समाजमा अझै त्यस्तो व्यवहार भैरहेको थुप्रै उदाहरण हेर्न र सुन्न पाईन्छ।

त्यसैले यस्ता प्रचलन उन्मूलनका लागि संविधानमा व्यवस्था गरेर मात्र हुँदो रहेनछ। व्यवहारमा पनि कार्यान्वयन गर्न उत्तिकै जरुरी छ। कृष्ण र गौरीले पनि अब बन्ने संविधानले कानुनमा भएका दफाहरूलाई कार्यान्वयन गर्ने खालको हुनुपर्ने आश लिएका छन्। संविधान सभाले नयाँ कानुन बनाउला र आफ्नो श्रमको मूल्य पाइएला भनेर आश गरेकी छु'–गौरी भन्छिन्। हुन त, सरकारले कानुनमा उल्लेख गरिएका दफाहरू कार्यान्वयन गर्न ध्यान नदिएपछि बाँके, बर्दिया, दाङ र सुर्खेतका बालिघरे दलितहरूले आफ्ना विष्टहरूलाई सचेत गराउँदै ज्याला निर्धारणको प्रयास थालेका छन्। यी चार जिल्लामा २० गाविसका ५ हजार ७ सय ३८ बालिघरे परिवारले ज्याला निर्धारण गराउन हरेक महिना आपसी छलफल र बैठक गर्ने गरेका छन्। बर्दियामा मात्र २ सय ७२ बालिघरे दलित परिवार छन्। तर, उनीहरूले थालेको यो प्रयास पूर्ण सफल भने हुन सकेको छैन। उनीहरूले थालेको यस प्रयासमा सामाजिक संस्थाहरूको सहयोग रहे पनि कार्यान्वयन गर्ने स्थानीय निकायले खासै सहयोग नगरेकोले पनि समस्या यथावत रहेको उनीहरूको भनाई छ।

यो अवस्थामा रहेका दलितहरूले सम्मानजनक बाँच्न पाउने अधिकारका लागि राज्यको मूल कानुनमै व्यवस्था गर्नुका साथै कार्यान्वयन नगर्ने व्यक्ति उपर कारवाही गरिनु पर्ने माग अगाडि सारेका छन्। हुन त, नेपालको अन्तरिम संविधानमा पनि छुवाछुत गर्न नपाइने लगायतका दलित समुदायको पक्षमा व्यवस्था गरेको छ। तर, त्यो पनि 'हात्तीको देखाउने दाँत'को रुपमा मात्र रहेको बिमला परियारको गुनासो छ। बेलवा गाविस बनमुडवाकी बिमला भन्छिन्,–'पुरानो र अहिलेको अन्तरिम संविधानले केही गरेन। अब नयाँ बन्ने संविधानमा हाम्रो समस्यालाई सम्बोधन गरिएन भने हामीले पुरानै नियति भोग्नु पर्दछ। त्यसैले कानुन बनाएर मात्र भएन, मुख्य कुरा कार्यान्वयन गरिनु नै हो।'

वस्तुतः नयाँ नेपालका लागि संविधान सभाले दलितहरूको मर्म बुझोस् भन्ने चाहना राखेका छन् आम दलितहरू। 'अब साँच्चिकै नयाँ नेपाल बनाउने हो भने यस्ता प्रथाको अन्त्य कानुनमा मात्र होइन, व्यवहारबाट पनि अन्त्य हुनु पर्दछ,'–भन्छन्, दलित सेवा संघका केन्द्रीय कोषाध्यक्ष ईश्वरी वि.क.। यसका लागि संविधान सभामा प्रतिनिधित्व गर्ने दलित सभासद्हरूले चुप लागेर बस्न हुँदैन'– ईश्वरीको सुझाव छ। आर्थिक र सामाजिक रुपमा पछि परेका दलित समुदायको आत्मसम्मानका साथ बाँच्न पाउने अधिकार सुनिश्चित हुने किसिमले कानुन बन्नु पर्ने धारणा राख्ने ईश्वरी कानुनी राज्यको आभाष आउनुपर्ने औंल्याउँदै भन्न चुक्दैनन्,–'मानव अधिकारको दोहोरो मापदण्डको अन्त्य गरिनु पर्छ। दलित समुदायको आत्मसम्मानमा ठेस पुर्याउने जो कोहीलाई पनि कडा कारवाही गरिनु पर्छ। शिक्षा र चेतनाको विकासतर्फ उन्मुख हुने खाले योजना बनाइनु पर्छ।'

*('नव क्षितिज' बुलेटिन नेपाल प्रेस इन्स्टिच्यूट,)*

## झाडापखालाको घरेलु उपचारका उपायहरू

**दिनमा तीन पटक वा सोभन्दा बढी पटक पानी जस्तो पातलो दिसा हुनलाई झाडापखाला रोग लागेको भनिन्छ। झाडापखाला हुँदा शरीरमा भएको पानी, नून, ग्लुकोज र तागतिलो पदार्थ खेर जान्छ। यस्ता पदार्थहरु खेर गएपछि शरीर सुख्खा हुन गई जलवियोजन भएर मानिस मर्न पनि सक्दछ। तसर्थ झाडापखला लाग्दा घरमै निम्न उपायहरु अपनाउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ।**

### झाडापखाला रोग लागे पछि गर्नुपर्ने कुराहरू :

- शरीरबाट झाडापखालाको रुपमा जति पानी खेर गएको छ, त्यतिकैअनुपातमा पुनर्जलीय झोल बनाएर खाने र खुवाउने गरौं। ५ वर्षसम्मका बच्चालाई आवश्यक मात्रामा जिङ्क चक्की महिला स्वयंसेविकासँग लिई १० दिनसम्म खुवाऔं।
- घरमै उपलब्ध हुनसक्ने झोल खानेकुराहरू जस्तै भातको माड, सुप, दालको रस, गेडागुडीको रस, फलफूलको रस वा तरकारीको रस प्रशस्त मात्रामा खुवाऔं।
- स्तनपान गरिरहेको बच्चालाई झडापखाला रोग लागेमा पटक-पटक स्तनपान गराइरहने गरौं।
- झाडापखाला हुँदा साविकको जस्तै खानेकुरा खाने र खुवाउने गरौं। झडापखाला भएको बिरामी सुस्त वा बेहोस छ, छट्पटाउने वा झिजिने गर्छ, आँखा गडेको छ भने तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लागि उपचार गराऔं।
- पुनर्जलीय झोल बनाउन १ लिटर सफा पानीमा १ पुनर्जलीय झोल बनाउने औषधीको धुलोको पुरिया पुरै मिसाएर पटक पटक पिउने गरौं। एक पटक बनाएको पुनर्जलीय झोल २४ घण्टाभित्र मात्र प्रयोग गरौं।
- झडापखाला निको भएपछि पनि १ हप्तासम्म साविक खानाभन्दा थप एक पटक खान दिने गरौं।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र**
**टेकु, काठमाडौं।**

## समाचार संक्षेप

### पत्रकारलाई नियुक्तिपत्र दिन आह्वान

काठमाडौं। न्यूनतम पारिश्रमिक निर्धारण समितिले श्रमजीवी पत्रकारसम्बन्धी ऐन नियमले सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकार, कर्मचारी तथा कामदारको सेवा, सर्त, सुविधाको स्पष्ट व्यवस्था गरेको भए पनि समितिले अनुगमन गर्दा कतिपय सञ्चारगृहमा अहिले पनि त्यसको न्यूनतम व्यवस्थासमेत कार्यान्वयन नभएको पाइएकोले समितिको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

सञ्चार प्रतिष्ठानमा कार्यरत सबै श्रमजीवी पत्रकार, कर्मचारी, कामदारलाई श्रमजीवी पत्रकार ऐन नियमबमोजिमको नियुक्तपत्र प्रदान गर्नु हरेक सञ्चार प्रतिष्ठानको कानुनी दायित्व एवम् काम सुरु गर्नुपूर्व नियुक्तिपत्र प्राप्त गर्नु सम्बन्धित व्यक्तिको अधिकारसमेत भएकाले नियुक्तिपत्र प्रदान गर्न बाँकी सञ्चार गृहले तत्काल सो व्यवस्थाको पूर्णतः कार्यान्वयन गरिसक्न सम्बद्ध पक्षलाई समितिले आग्रह गरेको छ। साथै नियुक्तिपत्र प्राप्त गर्न बाँकी श्रमजीवी पक्षले तत्काल नियुक्तिपत्र माग गर्न एवम् विना नियुक्तिपत्र काममा नखटिन पनि समितिले आह्वान गरेको छ।

समितिको सिफारिसमा नेपाल सरकारद्वारा निर्धारित न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्न बाँकी सञ्चार प्रतिष्ठानमा तत्काल कार्यान्वयन गर्न र सञ्चार प्रतिष्ठानमा कार्यरत पूर्णकालीन स्थायी वा करारसेवामा रहेका श्रमजीवी पत्रकार, कर्मचारी, कामदारलाई श्रमजीवी पत्रकार ऐन नियम बमोजिमको अन्य सेवा सुविधा कार्यान्वयनमा तादरुकता देखाउन समितिका अध्यक्ष महेन्द्र बिष्टद्वारा आज जारी प्रेस विज्ञप्तिमा आह्वान गरिएको छ।

### बोक्सी भनेर मार्नेहरू थुनामा

भीमफेदी। मकवानपुर जिल्ला अदालतले जिल्लाको डाँडाखर्क गाविस-७ निवासी एक महिलालाई बोक्सीको आरोपमा कुटपिट गरी मारेको अभियोग लागेका आठ जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

आफ्नै छिमेकी निरमाया स्याङतान लामाको हत्यामा संलग्न भएका डाँडाखर्क गाविस-७ निवासी देवमाया लामा, हरिबहादुर विश्वकर्मा, साइलीमाया विश्वकर्मा, राजकुमार विश्वकर्मा, प्रेमबहादुर स्याङतान, जीवन मुक्तान, इन्द्रबहादुर मुक्तान र जोगबहादुर स्याङतान लामालाई थुनामा राखिएको जिल्ला अदालत मकवानपुरले जनाएको छ।

### आईएफसीको गरिबी घटाउने अभियानमा

काठमाडौं, अन्तर्राष्ट्रिय वित्तीय संस्था (आइएफसी) ले लघुवित्त विकासको क्षेत्रमा क्रियाशील निर्धन उत्थान बैंकको एक लाख ६२ हजार सेयर लिई सहकार्य गर्ने प्रतिबद्धता जनाएको छ। आइएफसीले आयोजित एक कार्यक्रममा सो बैंकको १० प्रतिशत सेयर लिनेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरी गरिबी न्यूनीकरणको अभियानमा सरिक हुने प्रतिबद्धता व्यक्त गरेको हो।

विश्व बैंकको सदस्य रहेको उक्त संस्थाले विकासोन्मुख मुलुकमा सञ्चालित लघुवित्त विकास कार्यक्रममार्फत जनताको जीवनस्तर उकास्न महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ। त्यस अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत हरिहरदेव पन्तले मुलुकका प्रतिष्ठित विभिन्न बैंक तथा वित्तीय संस्था, बहुराष्ट्रिय कम्पनी र सर्वसाधरणकोसमेत सेयर रहेको निर्धन बैंक अब आइएफसीको प्रवेशपछि देशव्यापी सञ्जाल बिस्तारका साथ गरिबी न्यूनीकरणको राष्ट्रिय अभियानमा होमिने प्रतिबद्धता व्यक्त गर्नुभयो। आइएफसीका प्रतिनिधि पौलो एम.मार्टीले संस्थाको उद्देश्यबमोजिम लघुवित्त विकासको क्षेत्रमा कार्यरत निर्धन बैंकमार्फत नेपालको गरिबी न्यूनीकरण कार्यक्रममा सहभागी हुन चाहेको स्पष्ट गर्नुभयो। करिब एक लाख ३० हजार ग्राहक रहेको सो बैंकको संस्थागततर्फ ७० प्रतिशत सेयर र सर्वसाधरणतर्फ ३० प्रतिशत रहेको महाप्रबन्धक प्रकाशराज शर्माले जानकारी दिनुभयो।

### प्रहरी कारबाहीमा मृत्यु

जनकपुरधाम। यहाँस्थित नेपाल टेलिकम कार्यालय नजिक प्रहरीले गरेको कारबाहीमा सशस्त्र समूहका एकजना कार्यकर्ता मारिएका छन्। जिल्ला प्रहरी कार्यालयका अनुसार हतियार बोकेका चारजना र प्रहरीबीच भएको दोहोरो कारबाहीमा सशस्त्र समूहका अवधेश नामक कार्यकर्ताको मृत्यु भएको हो। उनी कुन सङ्गठनका कार्यकर्ता हुन् भन्ने यकिन भएको छैन। बितेका पाँच दिनदेखि यहाँ गोली प्रहार र हत्याका घटना बढेका छन्। दिनहुँ गोलीप्रहार र हत्याका घटनाले नगरवासी आतङ्कित भएका छन्।

## कमल थापाको हेटौंडामा आग्रह

हेटौंडा / राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले आफ्नो गृह नगर हेटौंडामा पुगेर पार्टी कार्यकर्तालाई संबोधन गरेका छन्। थापाले त्यहाँ आयोजित एक कार्यक्रममा ठूला दलहरू सत्ता केन्द्रित रहेको आरोप लगाएका छन्। नेपाललाई हिन्दू राष्ट्र नै बनाउनु पर्छ भन्दै थापलो यसका निम्ति जनता अघि सर्नुपर्ने र व्यापक जनदबाब सृजना गर्नुपर्ने बताएका छन्।

## नीति कार्यक्रम...

सरकारी नीति कार्यक्रम तथा बजेट व्यवस्था आफैंमा अस्थक र अन्यौलमा रहनु स्वभाविक ठानिन्छ। नयाँ खबर कागज स्रोतका अनुसार असार पहिलो साता नीति तथा कार्य क्रम र अन्तिम साता बजेट नीति आउने कुरामा विश्वा गरिएको छ।

## ओलीको...

मञ्चलन पछि वाक्कव्याक्क बनेका नेपालका राजनेताहरू अब फुटबल हरेर रिल्याक्स गर्ने धुनमा छन्। प्रचण्ड, झलनाथजस्ता कतिपय शीर्ष नेताहरू दिनभर आराम गरेर राती फुटबलको रमाइलोतिर लागेको खबर छ।

## कृषिमा...

यो क्रममा नेउवा महासंघ र नेपाली उद्योगी व्यवासयीहरूको पहलकदमी हेर्नुपर्ने देखिन्छ। नेउवामहासंघका पादाधिकारीहरूले प्रधानमन्त्री माधवकुमार नेपाललाई भेटी सभाका नीतिविराधी ठहर र आग्रह प्रस्तुत गरेको छ।

# सीमा समस्यामा र मधेशी दलका

*राजेश अहिराज*

मधेश, मधेश र मधेश मात्र कराई हिड्ने मधेशवादी दलको भूमिका शंकास्पद र गतिविधि लज्जास्पद हुदै गइरहेको छ। मधेश सँग जोडिएको सीमा समस्या, खुल्ला सीमानाका कारण हुने तस्करी-अपराध-असुरक्षा, खुल्ला सीमानाबाट हुने लाभ-हानी, सीमाको सुरक्षा, विवादीत सीमा स्थलको समाधान लगायतका मुद्धामा अधिकांश मधेशी दलहरु प्रस्ट छैनन्। यो राष्ट्रिय दुर्भाग्य हो। नेपालको पुराना मित्र भारतलाई पनि सीमा समस्या लम्बिनु वा लम्बयाउनु हितकर छैन्। विरोधको राजनीत गर्नेहरुका निमित्त अस्वस्थ सूचना फैलाउन यस्ले बल प्रदान गरिरहेको छ। सीमावर्ती क्षेत्रका नेपाली तथा भारतीइ नागरिकलाई सीमा समस्याले आपसी मतभेद र आक्रमणको भय परस्पर बढाएको छ।

जातिय, सामूदायिक, सांस्कृतिक र भाषीक एकता रहेको समाजमा सीमाले कलह पैदा गर्न थालेको छ। अल्प सूचनाका आधारमा केही लेखक, संचारकर्मी तथा नेताहरूले अतिरञ्जीत राजनीत गर्न पनि पछि परिरहेका छैनन्। कञ्चनपुर देखि झापा सम्म नेपाल-भारत सीमावर्ती क्षेत्रका १५ जिल्लामा ५४ वटा बढी स्थानमा समस्या देखिएको छ। सीमानामा समस्या रहनु कुनै पनि मुलुकका लागि कदापि हितकर हुन्न। नेपाल र भारतका निमित्त त अझै अशोभनीय र नकारात्मक प्रसंग हो। सीमा समस्यासमाधान गर्ने विषयमा भारतीय पक्षको आपत्ति कहिले देखिएन् तर नेपाली पक्षले समाधान तर्फ भन्दा पनि मुद्दालाई जिउँदो राखेर राजनीति गर्न तर्फ उद्‌म देखिन्छ। सीमाको समस्या समाधान गर्नु भन्दा पनि राजनीति गर्ने हतियारको रुपमा प्रमाणित हुँदै गएको छ। मधेश सँग प्रत्यक्ष सम्बन्ध राख्ने नेपाल-भारत सीमानाको केही स्थानमा मात्र देखिएका समस्या माथि मधेशी दलको विचार प्रस्ट/प्रकट नहनु गंभिर भक्ति वा अल्पज्ञान मध्ये कुनै एउटा प्रमाणित गर्छ। ऐतिहासिक दस्तावेजलाई मूल आधार बनाएर प्रमाणित कागजातका नाप नक्साद्धारा वैज्ञानिक पद्धति अनुसार सीमाङ्कन र नामाङ्कन गरि यो समस्या तत्काल समाधान गर्नु जरुरी छ। सीमाले राष्ट्रियता सँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले दुबै राष्ट्रका सरोकारवालाहरू थप सकृय भएर सर्वमान्य, प्रमाणित र ठोस समाधान गरिनु पर्छ। ९८ प्रतिशत समस्या समाधान भै सकेको अभिव्यक्ति सार्वजनिक हुँदै आएको छ।

यदि यसो हो भने मात्र २ प्रतिशतका निमित्त कलहको विउ बाँकी राखि राख्नु नै तेश्रो शक्तिलाई चलखेल गर्न निम्ता दिनु हो। मधेशी दलहरूका जिम्मेवार नेताहरू अघि सरेर सीमा समस्या समाधान गर्न सहयोग र दवाव दुवै दिनु पर्ने हो। किनभने विवादित सीमाका प्रत्यक्ष घाटाहरू स्थानिय मधेशीहरूले व्यहोर्नु परिरहेको छ। जल, जमिन र जंगल माथिको अधिकार र दायित्वको प्रस्ट बर्गिकरण विनाको संविधान कागजको खोस्टो मात्र सावित हुन सक्छ। दायित्व सहितको अधिकार, जिम्मेवार राष्ट्रियता, सामुदायिक सद्भाव र राष्ट्रिय सहयात्रा भएन् भने प्रत्यक्ष रुपमा राष्ट्रिय एकतामा असर पर्छ र अप्रत्यक्ष रुपमा द्वन्द्वलाई सहयोग गर्छ। संविधानमा समानता र न्यायोचित सहभागिता सहित अधिकारको व्यवस्था भयो भने नव-संविधान दिर्घजिवी हुन्छ। दायित्व र लगानीको पक्षमा समेत प्रस्टता हुन उतिकै जरुरी छ। लगानी र दायित्व विना नै अधिकार मात्रको राजनीतिले नेपालको घरेलु राजनीति कमजोर भएको छ। जल, जमिन र जंगल माथि अधिकार र दायित्वको मात्रा प्रस्ट भएन भने मुलुक पुनः द्वन्द्वमा जान सक्छ।

चिर शान्ति, स्थीर राजनीति र दिर्घ विकासका निमित्त योग्यता-दक्षता र लगानी जस्ता मापक लागू जरुरी छ। जात, वर्ग, धर्म, लिङ र नाता जस्ता मापक द्धारा अधिकारको वितरण गरियो भने नेपाल धेरै दिन सम्म न राज्य रहन्छ न त यहाँ राजनीति नै सम्भव छ। क्रमशः नेपाल जातीय संग्रहालयमा परिणत हुन्छ। संविधान निर्माण वास्तवमै सार्थक प्रयास हो यसलाई साझा प्रतिफल र साझा दायित्व सहितको निर्माण गर्न सकियो भने बल्ल सुन्दर, विकसित र साझा नेपालको निर्माण हुन्छ।

*(मधेश दर्पण फिचर सेवा)*




## यो साताको कविता

# कुनै बहाना छैन

*डा.बेञ्जु शर्मा*



कसरी बोलाउँ तिमीलाई ?
कुनै बहाना छैन
सबै चानचुने बहाना
खर्च भएर
रित्तो भएको पर्स
अब कुनै पनि बनाउने
नयाँ बहाना छैन
यो भेटको भरोसा
यो छलफलको, तार्किकताको
समस्याको विश्लेषण
सर्वेक्षण, डेटा कलेक्शन
विश्लेषित निष्कर्ष
तर मभित्र
केवल प्रश्नै प्रश्नले छोपिएको
यो विभ्रम, यो अन्योल, यो
अन्यमनस्कता
यी गाँठाहरु
उल्झिएका उनहरु
बिसेक हुनै लाग्दा बल्झिएका
फेरि फेरि पल्हाउने
विना फलका ऐंजेरुहरु
मौलाएका, स्वाँठिएका
रगत चुसिरहेका
यी परजीवीहरु
बादलै बादलले ढाकिएर
बादलसँगै फुस्किएका
भूवाहरु, कपासहरु
विषादको तलाउमा डुबेका
कोइला खन्दा खन्दै पुरिएका
भूकम्पको धाँजाभित्र च्यापिएका
बालुवाको खानीभित्र पुरिएका
जति फुकाए पनि
बडा बडा घनले क्षतविक्षत पारेपनि
फेरि जस्ताको तस्तै ठडिने पहाडहरु
यी पहाडका
यी ऐंजेरुका
यी बल्दा तेलका कूवाहरु
यी सल्कदाँ मनका कुराहरु
गरिरहेछु तिमीसँग
एउटा बाटो खोजिरहेछु
आगोको भट्टाभित्र भासिएको यो मन
ईँटा भएर पोलिएको मुटु
आगलागीमा सल्किएको संवेदना,
भावना
खरानी भएर खसिरहेको दाउरा
गलित, पीडित भएको
मासु, हाड, मज्जाबाट
एउटा निष्क्रमणको बाटो
तिमीले डोऱ्याइरहेका हातहरु
निष्क्रमणका ढोकाहरु, बाटाहरु
यी नदीहरु
आगोलाई निभाउने पानीहरु
भट्टालाई तितरबितर पार्ने असिनाहरु
यसरी नै
पानी भएर
असिना भएर
ठोकिएको नील डाममा
औषधि 'बाम' भएर
तिमी आऊ, आइरहू
तर अहिले मसँग, तिमीलाई बोलाउने
निम्ताको कार्ड छैन
कुनै बहाना पनि छैन
के भनेर बोलाउँ तिमीलाई
तिम्रो नाम पनि थाहा छैन
नाम मात्र पर्याप्त हुन्छ या हुँदैन
यो पनि थाहा छैन,
तर तिमी आऊ, आइरहू ।